# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क १३ पूर्णाङ्क ४३९ | २०८२ असोज १३ गते सोमबार | Monday 29 Sept;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।-


## भारतको लद्दाखलाई राज्यको मान्यता दिन माग गर्दै प्रदर्शन



काठमाण्डौ। भारतको लद्दाखमा लद्दाखलाई राज्यको मान्यता दिन र छैटौं अनुसूचीमा समावेस गर्न माग गर्दै प्रदर्शन भएको छ। प्रदर्शन हिंसात्मक बन्न पुगेको छ। प्रदर्शनमा चार जनाको ज्यान गएको छ भने ३० प्रहरी र बाँकी ७ पेजमा

# जेन–जी विद्रोहको जनादेश : 'संघीय जनगणतन्त्र' !

❑ **समाचार विश्लेषण**

काठमाडौं । दीर्घकालीन जनयुद्ध र अल्पकालीन जनयुद्धको समायोजनबाट नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न हुन्छ र नेपालमा संघीय जनगणतन्त्रको स्थापना हुन्छ । माओवादी जनयुद्धको तयारीको क्रममा तत्कालीन नेकपा (माओवादी)का प्रमुख नेताहरुको विश्लेषण र राजनीतिक भविष्यबाणीहरु यस्तै थिए । रणनैतिक प्रत्याक्रमणको दोस्रो योजना कार्यान्वयनसँगै 'ढाडमा टेकेर टाउकोमा हान्ने' फौजी रणनीतिको स्पष्ट राजनीतिक सन्देश 'सशस्त्र जनविद्रोहमार्फत् केन्द्रीय सत्ता कब्जा' भन्ने नै थियो । जनयुद्धलाई 'शान्तिप्रक्रिया'मा ल्याण्डिङ गराउँदै गर्दा जनयुद्धका प्रमुख नेताहरु प्रचण्ड र बाबुरामले पनि पार्टीपंक्ति र सैन्यपंक्तिलाई तत्कालका लागि 'लोकतान्त्रिक गणतन्त्र' भनेपनि जाने 'जनगणतन्त्र' मै हो भनेर भ्रमित तुल्याउने, अल्मल्याउने र अल्झाउने पटक पटक कोशिस गरेकै हुन् । 'दिमागमा विद्रोह मुखमा संविधानसभाको चुनाव', ६ दिने आम हड्ताल, पार्टीभित्रको दुई लाइन संघर्षदेखि सेनापति कटुवाल प्रकरणसम्मका घटनाक्रम मूलतः 'जनविद्रोह'कै आवश्यकताका अभिव्यक्तिहरु थिए तर नेतृत्व (प्रचण्ड-बाबुराम-प्रकाश)ले जनविद्रोहमाथि भयानक खेलबाड गरे । धोका र गद्दारी गरे ।

'जनविद्रोह'लाई पुरानै संसदीय सत्ता स्वार्थपूर्तिको साधन बनाए । सिंगो माओवादी आन्दोलनलाई 'संसदीय भास'मा जाक्ने 'टुल्स'को रुपमा अर्थात् जनविद्रोहलाई 'सेबोटेज' गर्न नै जनविद्रोहको नाटक मञ्चन गरियो । जनयुद्धलाई शान्तिप्रक्रियामा ल्याउन योजनाबद्ध 'खारा कारबाही'को मञ्चन गरेजस्तै जनविद्रोहलाई 'संसदीय' दलदलमा भसाउन अर्को ठूलो घात गरियो । परिणामतः जनयुद्धकालीन आधारइलाका, जनसरकार, जनमुक्ति सेना जस्ता जनवादी राज्यसत्ताका भ्रुणहरुको हत्या गरियो र नयाँ आवरणको पुरानै राज्यव्यवस्थालाई पुनर्स्थापित गरियो ।

पुनर्स्थापित कांग्रेस-एमालेको संसदीय सत्ता र व्यवस्थालाई नै माओवादी केन्द्रले 'आफूले ल्याएको सत्ता'को भ्रम पालेर संसदीय यात्रा सुरु गर्‍यो । उसले चार हात उफ्रेर कुर्ली कुर्ली भन्यो- नेपालमा जनवादी क्रान्ति सम्पन्न भइसक्यो । अब नेपालमा क्रान्ति आवश्यक छैन र सम्भव पनि छैन ? बलिदानका निम्ति को तयार हुने ? त्याग र बलिदानबिना क्रान्ति हुँदैन । हामीले जे गर्‍यौं, त्यही हो क्रान्ति । अब राजनीतिक क्रान्ति सकियो, आर्थिक क्रान्ति मात्र गर्ने हो । आदि यस्तै यस्तै भ्रामक भाष्यहरु निर्माणमा माकेका नेताहरु कांग्रेस-एमालेभन्दा अझ बढी संसदवादी बनेर प्रस्तुत हुन थाले । प्रचण्ड तीन पटक र बाबुराम एक पटक प्रधानमन्त्री हुँदा, लोकतान्त्रिक गणतन्त्रयताका हरेक सरकारको हिस्सेदार बनेर माकेले विगतका पञ्चे र संसदवादी कांग्रेस-एमालेभन्दा कुनै काम पनि फरक, नयाँ र प्रगतिशील पहिचान दिलाउने खालका गर्न सकेनन् । माकेपंक्तिको यति तीव्र गतिमा बुर्जुवाकरण भयो कि ओरालोमा ब्रेक फेलभएकै गतिमा उनीहरुभित्र विचलन र भ्रष्टीकरण देखापर्‍यो । 'शुभलाभ'को लागि नाङ्गो दौड सुरु भयो । देशको स्वाधीनता र प्राकृतिक तथा मानवीय स्रोतसाधनलाई दाउमा राखेर शक्तिकेन्द्रको दलालीमा कांग्रेस-एमालेलाई माथ गने लिगलिगे दौड प्रदर्शन गरे । नवउदारवाद, बजारवाद, भ्रष्टाचार, कमिसन, नातावाद, कृपावाद, चाकडीवाद, गुटवाद लगायतका सबै प्रतिक्रियावादी कित्ताका खराबीमा डुबुल्की मार्न पुग्यो । र, हेर्दाहेर्दै माके र माकेजनहरु आम श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायका लागि घृणा र आक्रोशका पात्र बन्न पुगे । हिजो सर्वहरावर्गको अधिनाकत्वमा नेपालमा जनताको जनवादी सत्ता स्थापना गर्ने भनेर दशवर्ष जनयुद्ध लडेको र हजारौं सहिदहरुको रगतमा पौडिएर राष्ट्रिय राजनीतिक हैसियत बनाएको पार्टी र तिनका नेताहरुले त्यही वर्गमाथि शासन र शोषण गर्न थालेपछि आम जनतामा कांग्रेस-एमालेसँगभन्दा बढी माओवादी केन्द्रसँग आक्रोशित बन्न पुगेका थिए । हिजो शीरमा कफन बाँधेर 'मृत्यु या मुक्ति'का कसम खाएर जनयुद्धमा होमिएका हजारौ कार्यकर्ताहरु, नेताहरुले धोका र गद्दारी गरेपछि खाडी मुलुकमा 'नारकीय जीवन'सँग रोजीरोटी साट्न विवश छन् । कति इजरायल र प्यालेस्टाइन त कतिले रुस युक्रेनयुद्धमा ज्यान गुमाउन पुगेका छन् । आज पनि जनयुद्धका दर्जनौं गोली बोकेर एक मुठ्ठि श्वास बचाइरहेका घाइतेहरु उपचार नपाएर छट्पटाइरहेका छन् । तर मुठ्ठिभरको आलिसान जीवनशैली, मोजमस्ती, ऐसआरामले ती महान सहिदहरु, वेपत्ता योद्धाहरु र घाइते योद्धाहरुमाथि घोर अपमान गरिरहेको छ । हालै भएको जेन-जी विद्रोहका निम्ति माओवादी केन्द्र, अध्यक्ष प्रचण्ड, तिनका परिवार, आसेपासे, धुपौरे, हुनमान, भजनमण्डलीहरुको चुरीफुरी, विचौलियाहरुको दादागिरी, आतंक अनि ४ अर्ब बढीको अयोग्य लडाकूको नाममा गरेको भ्रष्टाचार आदि पनि कम जिम्मेवार छैनन् । शान्तिप्रक्रियायता माओवादी केन्द्रले जे जस्तो राजनीतिक अभ्यास गर्‍यो, त्यसका निम्ति माओवादी केन्द्रको कुनै आवश्यकता नै छैन । माओवादी केन्द्रले कांग्रेस र एमालेको टाङमुनि छिरेर उनीहरुकै सिको गर्दै आफ्नो अस्तित्व धान्दै आएको थियो । उसले आफ्नो पृथक पहिचान न त दिलाउन सक्यो र न त आगामी दिनमा नै सक्नेछ । यो पार्टीलाई भ्रष्ट, नालायक र निकम्मा पार्टीको रुपमा विगत १७ वर्षको इतिहासले चित्रण र साबित गरिसकेको छ । र, माकेका नेता कार्यकर्ताहरुले दाबी गरेजस्तै क्रान्ति कसैको मनोगत आग्रहपूर्ण विचार र विश्लेषणको दायरामा कैद गरिने चिज होइन भन्ने कुरा सान्दार रुपमा साबित भएको छ । बरु जेन-जी विद्रोहले तत्कालीन नेकपा-माओवादी हुँदै अहिलेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले गरेको विश्लेषणलाई सान्दार रुपमा पुष्टि गरिदिएको छ । जनयुद्धका समेत सूत्रधार नेपाली कम्युनिस्ट आन्दोलनका शीखर व्यक्तित्व क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव मोहन वैद्य किरणले विगत लामो समयदेखि 'जनयुद्धको जगमा जनविद्रोह', 'नेपाली विशिष्टतामा आधारित जनविद्रोह'को नारा अगाडि सार्दै आएका थिए । क्रान्ति पूरा भएको छैन । क्रान्ति बाँकी ७ पेजमा

## माटो बेचेर दशैं खर्चको जोहो

महोत्तरी । दशैं नजिकिँदै गर्दा यहाँका आर्थिक अवस्था कमजोर भएका परिवारले माटो बेचेर खर्चको जोहो गर्न थालेका छन् । सधैं खर्चको व्यवस्थापन गर्न सकस पर्ने यहाँका गरिब परिवारले नवरात्र सुरु भएसँगै घर लिपपोत गर्ने विभिन्न रङका माटो बेचेर आम्दानी गर्न थालेका हुन् ।

दशहरा (दशैं), दीपावली र छठपर्वअघि विभिन्न रङका माटोले घर पोतेर चिटिक्क टल्काउने मधेसको स्थापित परम्पराका कारण यहाँका गरिब परिवारले अतिरिक्त आर्जनको अवसर पाएका छन् । किसानको खेतपातीमा श्रम गरेर जीविकोपार्जन गर्ने श्रमिक अहिले माटोको खोजीमा निस्कन्छन् ।

दशैंमा कमेरे (सेतो), चिम्टाइलो (पहेँलो) र रातो माटोको माग हुने भएकाले श्रमिकका परिवार माटो खोज्न र बेच्न जुटेका छन् । पहेँलो र कमेरे माटो ठूलठूला पोखरीका डिल, नदी किनारको भिर र पुराना खाल्डा नजिक पाइन्छ । रातो माटो लिन चुरे पहाडका थुम्काहरूमा पुग्नुपर्ने भङ्गाहा-४ की हेमनी सदा मुसहरले बताइन् ।

बाँकी ७ पेजमा

# जेन जेड आन्दोलन पछि सिर्जित राजनीतिक अवस्था र निकासबारे अन्तरक्रिया सम्पन्न

नवलपरासी । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला समिति नवलपरासीले जेन जेड आन्दोलन पछि सिर्जित राजनीतिक अवस्था र त्यसको निकास बारे शुक्रवार बर्दघाटमा सर्वपक्षीय अन्तरक्रिया सम्पन्न गरेको छ ।




जिल्लामा क्रियाशिल राजनैतिक दल, मानव अधिकारकमी, कानुन ब्यवसायी, नीजि क्षेत्र,सामाजिक संघसंस्था बीच पार्टीले 'वर्तमान राजनीतिक अवस्था र निकासको प्रश्न' बिषयक अन्तरक्रिया गरेको सो पार्टीले जनाएको छ ।

कार्यक्रममा प्रमुख अतिथि क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका पोलिटब्युरो सदस्य प्रेम सुवेदीले पार्टीका स्थायी समिति सदस्य सन्त बहादुर नेपालीद्वारा प्रस्तुत कार्यपत्र पेश गरेका थिए । पार्टीका पाँच नम्बर ब्युरो ईन्चार्ज समेत रहेका उनले संसदीय व्यवस्था असफल भएकोले त्यसको विकल्प राष्ट्रिय राजनीतिक सम्मेलन, क्रान्तिकारी संयुक्त मोर्चा, देशभक्त, क्रान्तिकारी, जनवादी तथा वामपन्थीहरूको स्वाधीन संयुक्त सरकार र जनसंविधानको निर्माण मात्र गर्नुपर्ने औल्याए ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज क्षेत्र बहादुर थापाले जेनजी आन्दोलन भष्ट्रचारको बिरुद्ध न्यायपुर्ण आन्दोलन रहेकोले जेन जी युवाले गरेका बिद्रोहका बेला भएका घटनाहरूको छानविन केन्द्रको छानविन समितिबाट मात्र हुनुपर्ने बताए ।

पार्टीका बैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले पार्टीले शुरु गरेको भष्ट्राचार बिरोधी अभियान सही रहेको भन्दै जेनजी आन्दोलन पछि त्यसको औचित्य झन् पुष्टि हुदैं गएको दावी गरे ।

कार्यक्रममा क्रान्तिकारी संयुक्त मोर्चा नेपालका जिल्ला संयोजक चुडामणी भण्डारीले जेनजी आन्दोलनले सरकार फेरेको भएपनि ब्यवस्था बदल्नु आवश्यक रहेको विचार राखे ।

कार्यक्रममा नेपाली काँग्रेसका कार्यबहाक जिल्ला सभापति बिक्रम यादवले नेताहरू बाँकी ७ पेजमा

## गाजामा न्याय र शान्ति ल्याउन सबै पक्षले सहकार्य गर्नुपर्छ : रुस




मस्को । रुसले गाजा क्षेत्रमा जारी हिंसा र मानवीय सङ्कट अन्त्य गर्न संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् असफल भएकोप्रति गहिरो दुःख व्यक्त गरेको छ । उसले यो असफलताको मुख्य कारण संयुक्त राज्य अमेरिकाले पटक-पटक प्रयोग गर्दै आएको भीटो अधिकार भएको स्पष्ट पारेको छ ।

रुसको परराष्ट्र मन्त्रालयद्वारा जारी गरिएको वक्तव्यमा भनिएको छ,"गाजा क्षेत्रमा जारी युद्ध, रक्तपात र सर्वसाधारण जनताको पीडा अन्त्य गर्न सुरक्षा परिषद्ले अहिलेसम्म कुनै ठोस निर्णय लिन नसक्नु अत्यन्तै दुःखद र निराशाजनक विषय हो ।"

बिहीबार, बाँकी ७ पेजमा

## माओवादी बैठकमा पन्तले उठाए क्यान्टोनमेन्टको २ अर्बको 'पिएलए फन्ड'बारे प्रश्न




काठमाडौं । दुई दिनदेखि जारी नेकपा (माओवादी केन्द्र)को केन्द्रीय समिति बैठकमा 'क्यान्टोन्मेन्ट प्रकरण' बारे प्रश्न उठेको छ । केन्द्रीय सदस्य लक्ष्मण पन्तले लिखितै रूपमा क्यान्टोन्मेन्टमा बसेका जनमुक्ति सेनाको तलबबाट कट्टी गरेर जम्मा गरेको दुई अर्ब ८२ करोड बढीको 'पिएलए फन्ड'बारे प्रश्न उठाएका हुन् ।

'जनमुक्ति सेनाको शिविरमा १९ हजार ६०० को संख्यामा रहेका युएन (तत्कालीन अनमिन)बाट प्रमाणित जनमुक्ति सेनाको तलबबाट जनही मासिक दुई हजार पिएलए फन्ड' को नाममा रकम कट्टी भयो,' पन्तले सोधेका छन्, '६ वर्षको रकम जोड्दा यो रकम २ अर्ब ८२ करोड २४ लाख हुन आउँछ ।' त्यो रकमको आय-व्ययको हिसाब तत्कालीन सम्बन्धित कमान्डरहरूबाट पार्टीमा प्रस्तुत हुनुपर्ने उनले माग गरे ।

# सिद्धान्त र व्यवहार

क्रान्तिकारी सिद्धान्तविना क्रान्ति सम्भव हुँदैन । मार्क्सवाद क्रान्तिकारी सिद्धान्त भएकोले त्यसको प्रयोग सर्वप्रथम रुसमा गरियो , मार्क्सवाद भन्छ - देशको स्थिति अनुसार गर । त्यसबेला रुसमा औद्योगिक क्रान्ति शुरु भएको थियो । इटली ,बेलायत ,फ्रान्स र जर्मनी पछि रुसको नम्बर आउँथ्यो । यहाँ पनि शामन्तवादी उत्पादन पद्दति फालेर पूँजीवादी उत्पादन पद्दतिले जरा गाडेको थियो । गरी खाने वर्ग सर्वहारा वर्ग बलियो हुँदै थियो त्यसैले रसियन सामाजिक जनतान्त्रिक मजदुर वर्गका नेता भि .आइ. लेनिनको व्यवहार त्यही अनुसार सञ्चालित भयो । अक्टुवर १९१७ मा सर्वहारा वर्गको क्रान्तिले मार्क्सवादमा धेरै आयम थप्यो । त्यसपछि मात्र रसियन सामाजिक मजदुर वर्गको पाटी को नाम बदलेर रसियन कम्युनिष्ट पार्टी बोल्सेविक राखिएको हो। किनकि रसियन क्रान्तिमा सबै तहका मजदुर वर्गलाई त्यसबेला गोलबन्द गर्न आवश्यक थियो । मार्क्सवादी सिद्धान्त व्यवहारमा प्रयोग गर्दा लेनिनले धेरै नयाँ विषय, सिद्धान्त थपेका छन् । मार्क्सवादलाई अरु विकासको चरणमा पुऱ्याएका छन् । मार्क्स जुन बेला जीवित थिए ,पूँजी ग्रन्थ लेख्दै थिए । युरोप,अमेरिकामा अर्थव्यवस्था प्रतिस्पर्धात्मक थियो । लेनिनले एउटा नया खोज गरे कि अहिलेको संघर्ष पुँजीवाद र सर्वहाराबीच मात्र छैन यसले रूप फेरिसक्यो । त्यो नयाँ रूप साम्राज्यवाद र सर्वहारा वर्गको बीचको क्रान्तिपछि त्यसलाई बचाइ राख्न सर्वहाराको अधिनायकत्व प्रयोग गर्नु । जसरी आफ्ना व्यवस्था सुरक्षित राख्न सामन्तवादी, पुँजीवादी सयौं वर्षदेखि यो व्यवहार गर्दै आएका थिए । त्यहाँ अल्पसंख्यक बढीमा



● शालिकराम भण्डारी ●

१५ प्रतिशतको राज थियो, जनतान्त्रिक अधिकार यीनैलाई मात्र थियो । बाँकी ७ पेजमा

## सम्पादकीय

# जेन–जी विद्रोह–२ को खाँचो

प्रायः देशको इतिहासमा सामाजिक र राजनीतिक प्रदर्शन, आन्दोलन र विद्रोहका अनेकौं झिल्का भेटिन्छ। त्यसले नै सम्बन्धित देशलाई निश्चित आयाम दिँदै अघि बढाएको हुन्छ। जुन देशमा जनताको संघर्ष सफलतामा टुंगिन्छ, त्यसपछिको परिस्थिति संघर्षको मूल भावनाअनुसार नै अगाडि बढ्छ, अवश्य पनि त्यस देशले छिट्टै उज्यालो भेटेको हुन्छ। तर नेपालमा हालसम्मका कुनै पनि आन्दोलनले संघर्षको मूलभावना अनुसारको उपलब्धि हासिल गर्न सकेका छैनन्। सम्झौता, धोका र गद्दारीकै गोलचक्करमा हरेक आन्दोलनहरु मूलतः असफल बन्न पुगेका छन्। नेपाली भूमिमा २००७ को क्रान्ति, २०३६ को विद्यार्थी आन्दोलन, २०४६ र २०६२/६३ को जनआन्दोलन, पटक पटकका मधेश आन्दोलन भए। दशवर्षको जनयुद्ध, विभिन्न जातजातिहरूले आफ्ना हक अधिकारका लागि गरेका संघर्ष, अनेकौं सामाजिक आन्दोलन र संघर्षका कथा इतिहासभर छन्। जेन-जी आन्दोलनपछिको यो समयमा इतिहासका संघर्षका सफलता-असफलताबाट पाठ सिकेर सुझबुझपूर्ण ढंगले अघि बढ्न सकियो भने मात्रै आगामी दिनमा जेन-जीले भनेजस्तो राजनीतिक व्यवस्था नेपालमा स्थापना गर्न सम्भव हुनेछ। अन्यथा, विगतकै नियतीमा सीमित हुन पुग्नेछ।

२००७ फागुनमा गठित मोहनशमशेर नेतृत्वको सरकारदेखि २०१६ सालमा गठित बीपी कोइराला नेतृत्वको सरकारसम्मको ८ वर्षभन्दा लामो अवधिमा ९ वटा सरकार (परामर्शीदातृसहित) बने। जसकारण जनताले प्रजातन्त्र पाए तर प्रजातान्त्रिक सरकारले दिन सक्ने उपलब्धि पूर्णतः अनुभव हुन पाएन। २०१७ सालमा महेन्द्रले 'कू' गरेपछि त्यो सम्भावना नै टर्‍यो। जनता पुनः प्रजातन्त्रको खोजीमा संघर्षमा होमिनुपर्‍यो। २०३६ को विद्यार्थी आन्दोलनले बलियो पञ्चायतको जग हल्लाइदियो। शक्तिशाली राजालाई झुकायो। तर पञ्चायती राज्य प्रणालीकै दबदबामा भएको निर्वाचनमा सुधारिएको पञ्चायतको पक्षमा ५४.७९ प्रतिशत र बहुदलीय व्यवस्थाको पक्षमा ४५.२१ प्रतिशत मत खसेको थियो। यो जगले नै ०४६ सालको परिवर्तन ल्यायो। जनयुद्धको जगमा भएको २०६२/६३ को जनआन्दोलनले भने जनतालाई सर्वोच्च स्थानमा पुर्‍यायो। गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता आजको नेपालको सबैभन्दा ठूला सम्पत्ति हुन्। तर यी उपलब्धिमाथि जनताको नाममा शासन गर्ने चाहिँ पुराना र नयाँ धनाढ्य, अभिजात वर्ग र दलाल पुँजीपति वर्ग मात्र भए।

दशवर्षको जनयुद्धले ल्याएको सामाजिक जागरण, मधेश आन्दोलनले स्थापित गरेको नागरिकको अधिकार, आत्मसम्मान र यसका अतिरिक्त विभिन्न जातजाति, लिंग, भाषा, समुदाय, भूगोलका जनताले आ-आफ्ना ढंगले गरेका संघर्षहरुको समग्र अभिव्यक्ति नै जेन-जी विद्रोह हो। दशवर्षको जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलनका उपलब्धिहरुको रक्षा गर्ने हो भने पनि संघीय जनगणतन्त्रको गन्तव्य तय गर्न जरुरी हुन्छ। अहिलेको जेन-जी विद्रोहका एजेण्डा र उपलब्धिहरुलाई देशी विदेशी प्रतिक्रियावादी वर्गले हाइज्याक गरेको अवस्थामा अब ती उपलब्धि खोस्ने र लक्षित गन्तव्यतर्फ यात्रा तय गर्न जेन-जी विद्रोह-२ को खाँचो टड्कारो बन्न पुगेको छ।

पुँजीवादको अन्त्य गरी उत्पादनका साधनमाथि व्यक्तिको होइन, आवश्यकताअनुसार समाज र समुदायको नेतृत्वमा लैजाने मुख्य धेय कम्युनिस्टहरुको हो। उनीहरुको मुख्य ध्यान कसरी पुँजीवादी समाजमा रहेको शोषण, उत्पीडन तथा असमानता हटाउने भन्ने नै हो। तर नेपालका अधिकांश कम्युनिस्टहरु विशेषगरी संसदवादी कम्युनिस्टहरु पुँजीवादी साम्राज्यवादीहरुकै उदारवादी, बजारवादी आर्थिक नीति अँगालेर पुँजीवादी साम्राज्यवादी वर्गकै पृष्ठपोषक बन्न पुगे। उनीहरु जनताको सेवक होइन, शोषक र शासक बन्न पुगे। अब सही र क्रान्तिकारी कम्युनिस्ट पार्टी, प्रगतिशील वामपन्थी शक्ति तथा सच्चा राष्ट्रवादी शक्तिहरुको संयुक्त पहलकदमीले जेन-जी विद्रोहको कुशल राजनीतिक नेतृत्व र संगठनात्मक व्यवस्थापन गर्न जरुरी छ। यो शक्तिको हातबाट पहलकदमी गुम्न पुग्यो भने देशकै अस्तित्व नामेट हुन सक्ने खतरा भयानक रुपमा मडारिइरहेको छ। यसतर्फ सम्बन्धित पक्षको गम्भीर ध्यान जान जरुरी छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# बढ्दो राजनीतिक संकट र भावी सम्भावनाहरू



● डा. केशव देवकोटा ●

नेपालमा गत भदौको घटनापछि संसद बाहिरबाट सरकार गठन गर्नुकासाथै अन्तरिम सरकारकी प्रधानमन्त्रिको सिरफारिसमा संसद भंग गरिएपछि संवैधानिक र राजनीतिक संकट दुबै देखापरेको छ। एमालेको हिजो असोज १२ गतेको बैठकमा नेकासँगको गठबन्धन कायमै राख्ने र संसद पुनर्स्थापनाका लागि पहलगर्ने बिषयले प्रबेश पाएको छभने नेपाली कांग्रेसले आगामी २६ गतेका लागि केन्द्रिय कार्य समितिको बैठक आह्वान गरेको छ। हालको अवस्थामा संसद पुनर्स्थापना भएमा पुरानै सरकारले निरन्तरता पाउने वा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा एमालेसहितको सरकार बन्ने संभावना रहेकाले नेपाली कांग्रेसपनि संसद पुनर्स्थापनाकै पक्षमा देखिएको छ। तर बिघटित संसदका माओवादी केन्द्र, रास्वपा र राप्रपालगायतका दलहरू आगामी फागुन २१ को निर्वाचनको पक्षमा देखिएका छन्। क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतले आगामी निर्वाचनकाबारेमा निर्णय गरिनसकेको भएपनि हालको अवस्थामा उनीहरूले सहजै भाग लिने कुनै संभावना देखिएको छैन। जसलेगर्दा नेपालमा त्रिपक्षीय राजनीतिक खिचातानीको अवस्था शुरुभएको छ। पछिल्लो परिदृश्यले बर्तमान सरकारका लागि गंभिर सुरक्षा चुनौतीको अवस्था सिर्जना भएको छ। बर्तमान सरकार आफै पनि निर्वाचनमा केन्द्रित नभएर बिभिन्न शक्तिकेन्द्रका मागहरू पूरा गर्ने/गराउने अभियानमा लागेको देखिएको छ। जसलेगर्दा हालको अवस्थामा सबै पक्षलाई समेटेर निर्वाचनमा जाने होभने ०७२ को संविधान र बिद्यमान राजनीतिक ब्यवस्था खारेज भएको घोषणागर्दै अन्तरिम संविधान, अन्तरिम संसद र अन्तरिम सरकार गठन गरेर अगाडि बढ्नु पर्दछ। होइन ०७२ को संविधानअनुसार अगाडि बढ्ने होभने संसद पुनर्स्थापना भएर नेकां र एमालेको सरकार बन्ने स्पष्ट संकेत देखिएको छ।

त्यस्तो अवस्थामा बर्तमान राष्ट्रपति, प्रधानमन्त्रि र पछिल्लो सत्ता परिवर्तन गंभिर संकटमा पर्ने स्पष्ट छ। गत भदौं २३ र २४ मा जो जसले आन्दोलन गरेको भनेपनि त्यसको प्रेरक बाहिरी शक्ति रहेको बिभिन्न घटनाक्रमहरूले खुलाशा गरेका छन्। जसकाबारेमा हालै भएको नेपाली सेनाका पृतनापति र पूर्ब प्रधानसेनापति सहितको सम्मेलनमा समेत प्रशंग उठेको देखिएको छ। नेपालमा बिद्यमान राजनीतिक र संवैधानिक संकटको तत्काल समाधान गरिएनभने सेना अगाडि बढ्ने र देश यो वा त्यो निरंकुशताको बाटोमा जानसक्ने संभावना पनि देखिएको छ। नेपालमा ००७ साल यताका घटनाक्रमहरूलाई मात्र हेर्ने होभने पनि धेरै आन्दोलन, बिद्रोह, जनसंघर्षका गतिबिधिहरू भए। तर ति कुनैले पनि नेपाल र नेपालीलाई सही बाटोमा अगाडि बढाउन सकिरहेका छैनन्। त्यसो हुनुको मूलकारण पार्टीहरूमा बिचारको कमी हुनु हो। राजनीतिका आबरणमा गैह्र राजनीतिक गतिबिधिहरू धेरै हुने गरेकाले नेपालको राष्ट्रिय राजनीतिले सही बाटो पक्रिन सकेको छैन। गत भदौ २३ र २४ गते आन्दोलनको आबरणमा जुन बिध्वंस भयो, त्यसले आन्दोलनकै बदनाम गर्ने/गराउने काम गरेको स्पष्ट छ। कुनै खास उमेर समूहले खास मागका लागि आन्दोलन गरेको भनिएको थियो। कुनै बिचार बिनाको उमेर समूह बनाएर आन्दोलनगर्ने परिपाटी आफैमा गलत कुरा हो। २३ गतेको आन्दोलनमा प्रहरीको गोलीबाट दर्जनौं मारिएको भनियो। तर तत्कालीन सरकारका प्रमुखले त्यसरी अन्धाधुन्ध गोली चलाउन आदेश नदिएको बताइसक्नु भएको छ। जो जसले गोली चलाएको भनियो, उनीहरूले पनि त्यसरी गोली नचलाएको दाबि गरेका छन्। तर बिभिन्न अस्पतालहरूले गोली लागेर मारिएकाहरूको टाउकोमै ताकेर दर्जनौ गोली हानेको पाइएको बताएका थिए। बिद्यालय पोशाकमा रहेकाहरूमाथि कुनैपनि सुरक्षाकर्मीले त्यसरी अन्धाधुन्ध गोली चलाउन सक्दैन। यस्तो घटना हालसम्म नेपालमामात्र नभएर बिश्वमै भएको थिएन। त्यसैले त्यसदिन अन्धाधुन्ध गोली चलाएर आन्दोलनलाई उत्तेजक बनाउने को थिए ? त्यो खोजीको बिषय छ। भदौ २४ गते एकाएक काठमाडौं उपत्यकालगायत देशका बिभिन्न भागमा प्रायः एकैसमयमा एकैखालको हिंसा भएको थियो। सिंहदरबार लगायतका सरकारी भवन र प्रहरी चौकीहरूमामात्र होइन अदालत र कतिपय निजी घरहरूमासमेत तोडफोड र आगजनी गरिएको थियो।

कुनैपनि राजनीति प्रेरित आन्दोलनमा निजी घर र अदालतलाई आक्रमणको तारो बनाउने गरिँदैन। २३ गतेको आन्दोलनका आयोजकहरूको माग र अदालतकाबीचमा कुनै टाढाकोसमेत साइनो रहेको थिएन। त्यसले पनि उक्त तोडफोड र आगजनी भिन्न प्रकृतिको भएकाले खोजविनलायक रहेको छ। त्यतिबेला जसरी तोडफोड र आगजनी गरिएको थियो, त्यो शहरी क्षेत्रका सिसिटिभी र बिभिन्न सामाजिक सञ्जालमा रेकर्ड गरिएका छन्। त्यसदिन जसरी भवनका माथिमाथिसम्म क्षणभरमै आगजनी गरिएको थियो, त्यसमा अत्याधुनिक प्रबिधिसमेत प्रयोग भएको आशंका गरिएको छ। तर त्यस्तो बिध्वंशको आन्दोलनकारीले जिम्मा पनि लिएनन् र बिरोध पनि गरेनन्। त्यसैगरी उक्त घटनापछि बनेको सरकारले सो बिध्वंशबाट भएको भौतिक क्षतिको छानविनगर्न मात्र आयोग बनाएको छ। त्यो क्षतिगर्नेहरू को थिए ? भन्ने छानविन गर्न/गराउन हालसम्म कुनै न्यायिक समितिनै बनाएको छैन। जसलेगर्दा खास बिध्वंसकारीहरू जोगिने अवस्था सिर्जना भएको छ। उपत्यका बाहिर कतिपय जिल्लाहरूमा बिध्वंसगर्नेहरूकाबारेमा समेत स्थानीय प्रशासनको सक्रियतामा छानविन थालिएको भनिएको छ। तर त्यसका पनि खास खास बिवरणहरू हालसम्म पनि सार्बजनिक गरिएका छैनन्। भदौ २४ गतेको घटनास्थलबाट केही ब्यक्तिहरू रंगेहात पक्राउ परेको भनिएको थियो। जसमा केही गैह्र नेपालीहरूसमेत रहेको भनियो। केही छिमेकी देशका नागरिक र बिघटित संसदको प्रतिपक्षमा रहेका पार्टीका चिनिएका नेता तथा कार्यकर्ताहरूसमेत रहेको भनिएको थियो। सेनाले पक्राउ गरेका भनिएका उक्त ब्यक्तिहरू प्रहरीलाई बुझाएको पनि भनियो। पक्राउ परेका हरेक ब्यक्तिहरू प्रहरीले पत्रकार सम्मेलनमार्फत सार्बजनिकगर्ने चलन रहेको छ। तर भदौ २३ र २४ गते पक्राउ परेका भनिएकाहरूलाई त्यसरी सार्बजनिकनै गरिएन। उनीहरूमाथि मुद्दा चलाइएका समाचार बिवरणहरू पनि बाहिर आएनन्। उनीहरूलाई यसरी किन गायव गरियो ? त्यो रहस्य पनि खुलेको छैन। गत भदौ २३ र २४ को घटना हुनुभन्दा पहिलेनै कतिपयले सिंहदरबार जलाउँछुभन्दै सामाजिक सञ्जालमा पोष्ट गरेको बिषयमा सार्बजनिकरूपमा टिकाटिप्पणीनै भएका थिए। हालसम्म पनि भैरहेका छन्। तर त्यसलाई त्यतिकै छाडियो।

त्यसैगरी कतिपय ठूलै पार्टीका ठूलै नेताले सिंहदरबार जलाउनु नपरोस भन्दै बेलाबखत धम्की दिएका समाचारहरू बाहिर आउने गरेका थिए। त्यतिबेला पनि उनीहरूमाथि कुनै कारवाही भएको थिएन। साँच्चै सिंहदरबार जलेपछि पनि कुनै छानविन कारवाही भैरहेको छैन। बरु त्यसरी बेलाबखत सिंहदरबार जलाउने धम्की दिने ब्यक्तिहरूले बिशेष महत्व पाउने गरेको देखिएको छ। त्यस्ता ब्यक्ति र समूह निकटकाले बर्तमान सरकारमा प्रश्रय समेत पाएका छन्। उनीहरूले भदौ २३ र २४ मा भएको बिध्वंशको प्रमाण मेटाउन बिभिन्न कार्यालयबाट आजगनीमा परेका सवारी साधनलगायतका सामग्री हटाउने र बिभिन्न भवनहरूमा रंगरोगन गर्ने/गराउने प्रयास गरेको देखिएको छ। उक्त दुईदिनको बीचमा झण्डै एक खर्व रूपैयाँको सरकारी सम्पत्ति, नोक्सान गरेको देखिएको थियो। सैनिक र प्रहरीको घेराबन्दीमा रहेको सिहदरवार, प्रायः सबै मन्त्रालयहरू, राजनीतिसँग कुनै सम्बन्ध नभएका अदालत र अख्यिारसहित ६५० वटा सरकारी कार्यालय जलाएर ध्वस्त पारिएको प्रारम्भिक तथ्यांक बाहिर आएको छ। २३० वटा प्रहरी कार्यालयमा आगजनी र लुटपाट भएको भनिएको छ। जहाँबाट अत्याधुनिक बन्दुक र गोलीगट्ठा लुटपाट भएकोभन्ने बिवरणहरू पनि बाहिर आएका छन्। उद्योगी ब्यापारीहरूकामात्र ८० वटा व्यावसायिक स्थलमा लुटपाट र आगजनी भएकोभन्ने बिवरणहरू बाहिर आएका छन्। उद्योगी र ब्यवसायीहरूले आफूहरूलाई सुरक्षाको गेरेन्टी दिन माग पनि गरेका छन्। तर बर्तमान सरकारले उनीहरूका लागि कुनै सुरक्षाको प्रबन्ध गर्न/गराउन सकेको छैन। जबसम्म देशको राजनीति सही ढंगले अगाडि बढ्दैन तवसम्म यस्ता समस्या र संकटहरू बारम्बार आउँछन्। त्यसैले राष्ट्रपति रामचन्द्र पौडेलले ०७२ को संविधान र बिद्यमान राजनीतिक ब्यवस्थाको अन्त्यगरेर सर्बदलीय र सर्बपक्षीय गोलमेच सम्मेलनमार्फत समस्याको समाधान गर्ने/गराउने प्रयासगर्नु जरुरी छ। जसको अर्को बिकल्प छैन।

# विश्वविजेता वेस्ट इन्डिजमाथि नेपालको ऐतिहासिक जित




दुईपटक विश्वकप जितेको टेस्ट राष्ट्र वेस्ट इन्डिजविरुद्ध नेपालले ऐतिहासिक जित निकालेको छ। शनिबार युएईको सारजाह क्रिकेट मैदानमा भएको टी-२० अन्तर्राष्ट्रिय शृंखलाको पहिलो खेलमा नेपालले वेस्ट इन्डिजलाई १९ रनले हराएको हो।

टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १४९ रनको लक्ष्य प्रस्तुत गर्दा प्रत्युत्तरमा वेस्ट इन्डिजले नौ विकेट गुमाउँदा १२९ रन मात्र बनायो। योसँगै नेपालले तीन खेलको शृंखलामा १-० को अग्रता बनाएको छ।

टेस्ट राष्ट्रविरुद्ध नेपालको यो जित नै पहिलो हो। यसअघि टेस्ट क्रिकेटका महारथी भारत, पाकिस्तान, दक्षिण अफ्रिका र बंगलादेशजस्ता देशसँग आइसिसी र एसिसीका ठुला प्रतियोगितामा नेपालले प्रतिस्पर्धा गरेको थियो। तर, उनीहरूसँग शृंखला खेलेको थिएन।

वेस्ट इन्डिरविरुद्धको पहिलो खेलमै नेपालले उत्कृष्ट बलिङ, ब्याटिङ र फिल्डिङ गर्दै जित निकाल्यो। कप्तान रोहितकुमार पौडेल, अलराउन्डर कुशल भुर्तेलले सानदार प्रदर्शन गरेपछि नेपाल जित निकाल्न सफल भयो। ऐतिहासिक खेलमा प्रशिक्षक स्टुआर्ट लले मुख्य खेलाडी सन्दीप लामिछाने र कमब्याक गरेका अलराउन्डर मोहम्मद आदिल आलमलाई बेन्चमै राखेका थिए। यस्तै, अस्ट्रेलिया भ्रमण गुमाएका ललितनारायण राजवंशीले पहिलो ११ मै अवसर पाएका थिए। टेस्ट राष्ट्रविरुद्ध नेपाली खेलाडीले कुल आठ छक्का र ६ चौका प्रहार गरे। अब, दोस्रो खेल सोमबार र तेस्रो खेल मंगलबार सारजाहमै हुनेछ।

नेपालका अलराउन्डर गुल्सन झाले सानो बाउन्ड्रीका कारण धेरै रन बनाउन सफल भएको बताए। जितपछि कुशल भुर्तेलले वेस्ट इन्डिजविरुद्ध सानदार प्रदर्शन गरेको बताउँदै खुसी रहेको प्रतिक्रिया दिएका छन्। 'धेरै खुसी छु। वेस्ट इन्डिज निकै बलियो टिम हो। यो जितले सबै खुसी छन्। म ब्याटिङ र बलिङ दुवैमा राम्रो गर्न सक्छु जस्तो लाग्छ।'

### *नेपालको कसिलो बलिङ*

नेपाली बलरले कसिलो बलिङ र सुन्दर फिल्डिङ गरेपछि वेस्ट इन्डिज एसोसिएट राष्ट्रविरुद्ध हार व्यहोर्न बाध्य भयो। नेपालका पार्टटाइम बलर कुशल भुर्तेलले चार ओभरमा १७ रन खर्चिएर सर्वाधिक दुई विकेट लिए। यस्तै, करण केसी, दीपेन्द्रसिंह ऐरी, नन्दन यादव, ललितनारायण राजवंशी र कप्तान रोहित पौडेलले समान एक विकेट लिए। वेस्ट इन्डिजका नवीन बिदैसीले सर्वाधिक २२ रन बनाए। फाविअन एलेनले १९ तथा कप्तान एकेल हुसैनले १८ रन बनाए।

### *रोहित र कुशलको अर्धशतकीय साझेदारी*

नेपालका लागि कप्तान रोहितकुमार पौडेल र कुशल मल्लले तेस्रो विकेटका लागि अर्धशतकीय इनिङ्स खेलेपछि नेपालले प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेका थिए। दुई खेलाडीले ४५ बलमा सर्वाधिक ५८ रनको साझेदारी गरे। रोहितले ३५ बलमा तीन चौका र एक छक्कासहित ३८ रन बनाएका थिए। ३.१ ओभरमा दुई विकेट गुमाएको नेपालले १०.४ ओभरमा चौथो विकेटका रूपमा कुशल मल्ललाई गुमायो। टिममा कमब्याक गरेका कुशल मल्लले २१ बलमा समान दुई चौका र छक्का प्रहार गरेका थिए। गुल्सन झाले २२ तथा दीपेन्द्रसिंह ऐरीले १७ रन जोडे। पाँचौं विकेटका लागि गुल्सन र दीपेन्द्रबिच २५ बलमा ३० रनको साझेदारी बन्यो।

### *चलेनन् नेपालका ओपनर*

वेस्ट इन्डिजविरुद्धको ऐतिहासिक शृंखलाको पहिलो खेलमा नेपाली ओपनरले बिर्सनलायक प्रदर्शन गरे। प्रशिक्षक स्टुवार्ट लले कुशल भुर्तेल र आसिफ शेखलाई ओपनिङमा पठाएका थिए। तर, दुवै खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। कुशल ६ तथा आसिफ ३ रन बनाएर आउट भए। ३.१ ओभरमा नेपालले दोस्रो विकेटका रूपमा आसिफलाई गुमाउँदा स्कोरबोर्डमा १२ रन मात्र थियो। यसबाहेक सन्दीप जोराले ९ रन बनाउँदा करण केसी गोल्डेन डक भए। सोमपाल कामी ६ तथा नन्दन यादव ७ रनमा अविजित रहे।

वेस्ट इन्डिजका जासन होल्डरले सर्वाधिक चार विकेट लिए। उनले चार ओभरमा २० रन खर्चने क्रममा नेपालका आसिफ, दीपेन्द्र, जोरा र करणको विकेट लिएका हुन्। नवीन बिदैसीले चार ओभरमा २९ रन खर्चिंदा तीन विकेट लिए।



● ईश्वरीप्रसाद गैरे ●


# सहिद नन्दलाल डाँगी संक्षिप्त परिचय

**एकजना निर्दोष होनहार युवाको हत्या भएको थियो । अहिले नन्दलालको सहादत भएको पनि ठिक २३ वर्ष पूरा भएको छ । छोरी डोल्मा पनि २३ वर्ष पुगेकी छिन् । यो बिचमा जनयुद्धको नेतृत्व गरेको पार्टी र मुख्य नेतृत्वले तीन पटक सरकारको नेतृत्व गर्ने अवसर पायो । तर, सहिदले बगाएको रगतको मूल्यलाई राष्ट्रघातमा प्रयोग गरिरहेका छन् ।**

कर्णाली प्रदेशको सल्यान जिल्ला अन्तरगत तत्कालीन कुपिण्डेदह गा.बि.स. वडा नम्बर ६ हालको कुपिण्डेदह बन्गार नगरपालिका वडा नम्बर ९ माथिल्लो स्वारामा २०४० सालमा बुबा देविराम डाँगी र आमा बेलमति डाँगीको कोखबाट कान्छा छोराको रूपमा नन्दलालको जन्म भएको थियो । एस.एल.सी.सम्मको अध्ययन पूरा गरेका नन्दलाल राजनीतिक रूपमा कुनै पनि पार्टीको सदस्यता लिनुभएको थिएन । यद्यपि तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धबाट प्रभावित भई माओवादी नजिक भने रहनुभएको थियो । पारिवारिक आर्थिक अवस्था कमजोर भएको कारणले उहाँ उच्च शिक्षा लिने अबसरबाट बञ्चित हुनुपऱ्यो । तसर्थ घरको आर्थिक सहयोगका लागि गाउँमै रहेको स्थानीय जनकल्याण प्रा.वि. स्वारामा निजी स्रोतबाट दिवा खाजा पकाउने विद्यार्थीहरूलाई खाजा खुवाउने काममा जोडिनुभएको थियो । सो अवस्थामा २०५९ असोज सात गते सिमखर्क ब्यारेकबाट गएको तत्कालीन शाही नेपाली सेनाको टोलीले दिउँसो १ बजे विद्यालयबाट गिरफ्तार गऱ्यो । गिरफ्तारीपछि चरम शारीरिक र मानसिक यातना दिँदै करिब दुई घण्टा गाउँमा घुमायो । त्यसपछि २ : ४५ बजेको समय जङ्गलमा एक्कासी तीन फायर राइफलको आवाज सुनिन्छ । त्यही आवाज नै उहाँको अन्तिम दिन हुन गएछ । यसरी उहाँ जनयुद्धको एक सहिद बन्न पुग्नुभयो । त्यस समयमा सोही विद्यालयका हामी दुईजना शिक्षकलाई सेनाले गिरफ्तार गरेर सल्यान खलङ्गातर्फ लगेको हुनाले सैनिक हिरासतबाट मुक्त भएर आएपछि मात्रै नन्दलाल सहिद भएको जानकारी पायौँ ।

उहाँको गिरफ्तारी र जङ्गलमा पट्किएको बन्दुकको आवाजले स्वारा गाउँमा सन्नाटा छाउँछ । कसैलाई पनि थाहा हुँदैन । दिन ढल्दै जान्छ, बेलुकी हुन्छ । रात पर्छ । तर, घरको कान्छो छोरा विद्यालयबाट फर्कंदैन । बाआमा दाजुहरू श्रीमती हरकली डाँगी चिन्तित हुन्छन् ।

गाउँको मानिसबाट एक जना मानिसको बाहुननोखा जङ्गलमा ओढार नजिकै ढलेको छ कतै उही त होइन नन्दलाल भन्ने खबर आउँछ । सो खबरले सबैमा सङ्का बढ्दै जान्छ । त्यसपछि निजका जेठा दाजु ईन्द्रबहादुर डाँगी माइला दाजु छबिलाल डाँगी सहित गाउँका केही मानिसहरू खोज्न निस्कछन् र त्यस ठाउँमा पुग्छन् । त्यहाँ त उनै भाइ नन्दलाल मृत भइसकेको र रक्ताम्य



अवस्थामा फेला पर्छन् । दुस्मनले हानेको राइफलको तीनवटा गोली टाउको, छाति र पेटमा लोगेको देखिन्छ ।

अहिले उहाँको परिवारमा आमा, दुईजना दाजु, एक दिदी, श्रीमती र छोरी डोल्मा छन् । नन्दलालको हत्या भएको ठिक एक महिनापछि छोरी डोल्माको जन्म भएको थियो ।

यसरी एकजना निर्दोष होनहार युवाको हत्या भएको थियो । अहिले नन्दलालको सहादत भएको पनि ठिक २३ वर्ष पूरा भएको छ । छोरी डोल्मा पनि २३ वर्ष पुगेकी छिन् । यो बिचमा जनयुद्धको नेतृत्व गरेको पार्टी र मुख्य नेतृत्वले तीन पटक सरकारको नेतृत्व गर्ने अवसर पायो । तर, सहिदले बगाएको रगतको मूल्यलाई राष्ट्रघातमा प्रयोग गरिरहेका छन् । अब पनि सहिद परिवार, घाइते अपाङ्ग, तथा योद्धाहरूले यो दलाल सत्ता र नेतृत्वबाट आफ्नो सपना पूरा हुन्छ भनेर बस्ने बेला छैन । हिजोको सपना पूरा गर्न पुनः विद्रोह गर्नुपर्ने बेला आएको छ । आज २३औं स्मृतिका दिनमा सहिद नन्दलालप्रति भावपूर्ण श्रद्धाञ्जली । छोरी डोल्मा र सहिद पत्नी हरकली र समस्त डाँगी परिवारमा गहिरो समवेदना व्यक्त गर्दै यो संक्षिप्त घटना परिचयको बिट मार्दछु ।

*७ असोज २०८२,*
*तुलसीपुर, दाङ*

---

# महान् सहिद–क. सुवासलाई सम्झना



● गीता आचार्य 'समीक्षा' ●

हरेक प्राणीको जन्मसँगै मृत्यु पनि अनिवार्य हुन्छ भन्ने अनिवार्य सर्त हो । यो विज्ञानसम्मत नियम हो । मान्छे मर्दछ, मृत्यु पनि फरकफरक हुने गर्दछ । एकथरी मृत्यु व्यक्तिगत स्वार्थ, छलछाम, षड्यन्त्र, टुटाउने फुटाउने, चोट दिने अनि भ्रष्टाचारीको हुन्छ । उसको मृत्यु इतिहासमा गद्दारीपूर्ण तरिकाले लेखिएको हुन्छ । अर्को मृत्यु जनतन्त्र र राष्ट्रियताका लागि आफ्नो अमूल्य समय खर्चेर जीवनसम्म अर्पण गर्नेको हुन्छ । ती वीरहरूको नाम इतिहासको पानामा स्वर्ण अक्षरले अङ्कित भएको हुन्छ । पहिलो मृत्यु हुनेहरू बाँचेर पनि मरेका हुन्छन् । दोस्रो मृत्यु हुनेहरू भौतिक शरीर गुमाएर पनि युगयुगसम्म बाँचेका हुन्छन् । सर्वहारावर्गका आदर्श पात्र तिनै महान् सहिदहरू हुने गरेका छन् । तिनै हजारौं सहिदहरूमध्ये एक हुनुहुन्छ क. सुवास ।

२०३४ साल चैत्र २७ गते बुबा चन्द्रप्रसाद सुवेदी र आमा राधिका सुवेदीको कोखबाट अयोध्यापुरी-२ देवेन्द्रपुरमा जन्मनुभएको थियो । ५ दाजुभाइ र १ बहिनीमध्ये जेठो सन्तान हुनुहुन्थ्यो लीलाकण्ठ सुवेदी (क.सुवास) । अयोध्यापुरी जनजीवन मा. वि. १० कक्षासम्मको अध्ययन गर्दागर्दै स्कुलकै जीवनदेखि समाजमा भएका विकृति विसङ्गतिका विरुद्ध लड्दै आउनुभएका सुवासलाई प्रशासनले सार्वजनिक मुद्दा लगायो । त्यसपछाडि स्कुलमै गिरफ्तार गर्न आउने स्थिति भएपछि स्कुल छाडेर पूरै पार्टी र क्रान्तिमा लाग्ने निर्णय गरेर २०५५ सालबाट पूर्णकालीन भएर हिँड्नुभयो । चितवनको पार्टीभित्र चितवनको बर्गसङ्घर्षलाई माथि उठाउन सेना निर्माण गर्ने प्रक्रिया अगाडि बढिरहेको थियो । पार्टीको आवश्यकता र आफ्नै इच्छा र क्षमताले उहाँ सेनामा जानुभयो । सेना सङ्गठनमा रहेर थुप्रै महत्वपूर्ण कामहरूमा अगाडि बढ्दै जानुभयो । २०५६ सालबाट म पनि समाजमा परेको प्रभावले सचेत नागरिक भएको हुँदा मलाई नहुने कुरै भएन । मलाई पनि मार्क्सवादी शिक्षाले शिक्षित बनायो । महान् जनयुद्धमा लाग्ने प्रेरणा भयो । म पनि जनयुद्धमा सहभागी बनेँ । युद्धमोर्चामा अगाडि बढ्दै जाने क्रममा लीलाकण्ठ सुवेदी (क.सुवास) सँग मेरो सहकार्य भयो ।

२०५७ साल बैशाख २२ गते हामीबीच जनवादी विवाह सम्पन्न भयो । समाजमा भएको रुढीवादी कुसंस्कारमा भएको विवाहभन्दा वैचारिक रूपमा एकता भएर सम्पन्न भएको विवाह निश्चित रूपमा फरक थियो । हाम्रो विवाह पार्टी र क्रान्तिलाई केन्द्रविन्दु बनाएर गरिएको थियो । विवाहमा शुभकामना दिने थुप्रै अग्रज कमरेडहरू सहिद हुनुभएको छ । उहाँहरूको मार्गनिर्देशनसँगै अगाडि बढ्दै गयौँ । आ-आफ्ना जिम्मेवारीहरू पूरा गर्दै अगाडि बढ्दै गयौँ । सर्वहारावर्गको मुक्तिको सपना बोकेर महान् उद्देश्य पूरा गर्न क्रान्तिमा होमिएका थियौँ ।

विकासको क्रम र गतिमा साह्रै पछि परेको नेपाली समाजलाई रूपान्तरण गर्ने अथवा शोषित र पीडित जनताले न्याय र स्वतन्त्रताको निम्ति मुक्ति पाउनका लागि २०५२ सालबाट जनयुद्धको शङ्खघोष गरियो । साम्यवादी उद्देश्य राखेर गरिएको जनयुद्ध तीव्र प्रकृयामा विकास हुँदै गयो । तर प्रतिक्रियावादी तत्त्वहरूलाई सह्य भएन । विस्तारवादी र साम्राज्यवादीहरूको आडमा सामन्ती सत्ता जोगाउन भीषण दमन गऱ्यो । गाउँगाउँ, बस्तीबस्तीमा नेपाली आमाका छोरा छोरीहरूको हत्या, बलात्कार, अपहरण गर्दै ताण्डव नृत्य देखाउँदै हिँडे । देशमा सङ्कटकाल घोषणा गरियो । २०५८ साल मङ्सिर ८ गते जनमुक्ति सेनाले दाङ ब्यारेक कब्जा गरेर विजय प्राप्त गरेपछि प्रतिक्रियावादीहरूको मुटु हल्लिन थाल्यो । शाही सेना परिचालन गरेर भीषण दमनमा आयो । हामीबाट




त्यतिबेला छोरी सुसनको जन्म भएको थियो । देशको अवस्था सङ्कटकालको भीषणतासँगै मोर्चामा रहेर थप पारिवारिक जिम्मेवारीलाई पनि पूरा गर्नुपर्ने दायित्व हामीमा थियो । बच्चा लिएर जनताको घरमा बस्नुपर्ने अवस्था भयो । त्यस्तो अवस्थामा पारिवारिक जिम्मेवारीलाई पनि पूरा गर्नुभयो । एउटा हात युद्धमोर्चामा गुमाउनुभएको क. सुवासमा कार्यकर्तादेखि परिवार सबैलाई माया गर्न सक्ने हरेक समस्याहरू विचारले हल गर्ने कला थियो । त्यस्तो अप्ठेरो अवस्थामा पनि समस्याहरूलाई सहज रूपमा हल गर्न सक्नुहुन्थ्यो ।

२०५७ कार्तिक ५ गते प्राविधिक सामान तयार गर्ने क्रममा बारूद बलेर सबै शरीर पोलेको थियो । उपचारमा केही समय मात्र ढिला भएको भए सब शरीर बिग्रने थियो । उहाँको अवस्था निकै गम्भीर थियो । केराको पातमा सुताएर राखेका थियौँ । उहाँको अवस्था देख्दा जो पनि डराउने गर्दथ्यो । त्यस्तो अवस्था हुँदा पनि साथीहरू मलाई नआत्तिनु भन्ने गर्नुहुन्थ्यो । युद्धका क्रममा दुःखसँग कहिल्यै नआत्तिने क.सुवास हरेक जटिलता र अप्ठेरोसँग खेल्न रुचाउनुहुन्थ्यो । उपचार हुँदै थियो । उपचारकै क्रममा रहँदारहँदै पार्टीको योजनामा जान आतुर क.सुवास अर्को योजना जाने निर्णय भयो । भरतपुरको लङ्कुमा महिला इलाका भेलामा पुलिसद्वारा दमन गर्दा गोली चलाई थुप्रै घाइते र गौरी सापकोटाको सहादत भयो । त्यसको बलदास्वरूप कार्बाही गर्ने पार्टीको निर्णय भयो ।

पूर्वी चितवन पर्सा मगनी चोकमा पुलिस माथि गरिएको कार्बाहीमा कारणवश दुर्घटना हुन पुग्यो । त्यस घटनामा उत्तरकुमार गुरुङको सहादत भयो । क. सुवास, क.केशव, क. सुमन घाइते हुनुभयो । क. सुवासको दाहिने हात घटना स्थलमा नै झऱ्यो । त्यतिखेर पुलिसले घेरा हालिसकेको थियो । त्यो घेराबाट फुत्केर लदरी पार्टी सम्पर्कमा पुग्नुभयो । धैरै कष्टका साथ उहाँ त्यहाँ पुग्नुभएको थियो । शरीरको रगत बगेर सकिने अवस्थामा पुगेको थियो । तत्काल काठमाडौं बि एण्ड बि हस्पिटलमा पुऱ्याएर उपचार गराइयो । त्यस्तो अवस्थामा पनि विवेकले नियन्त्रण गर्न सक्ने अत्यन्त व्यवहारिक, सहनशील र साहसी व्यक्तित्वका धनी क. सुवास हुनुहुन्थ्यो । पार्टी र क्रान्तिका निमित्त अझ महत्त्वपूर्ण कामहरूमा अगाडि बढ्दै जानुभयो । २०५९ सालमा जिल्ला सदस्य भई २०६० सालमा जिल्ला सचिवालय सदस्य हुँदै पूर्वी इलाका इन्चार्ज रहेर काम गर्नुभयो । जनयुद्धको जतिजति आफ्नो आकार र प्रभाव विस्तार गर्दै लग्यो, त्यति नै आम जनतालाई सङ्गठित गर्ने आन्दोलनमा लाग्न प्रेरित गर्ने काम सुवासले गर्नुभयो । प्रतिक्रियावादीको एक मात्र अन्तिम किल्लाको रूपमा रहेको शाही सेनाको एकपछि अर्को पराजय भोग्दै थियो । शाही सेनाको हत्यारा दस्ता सादा पोशाकमा गाउँगाउँमा गई कत्लेआम गर्न थाले । क. सुवासलाई पनि कर्णेल रमेश महतसहित लागेर गाउँगाउँमा खोज्न थाले । चलायमान ढङ्गबाट अगाडि बढिरहेको हुनाले भेट्टाउन सकेका थिएनन् । दुश्मनलाई छक्याउने, आक्रमण गर्ने, यस्तै प्रकारले कामहरू अगाडि बढेका थिए ।

२०६० चैत १० गतेको दिन थियो । जिल्ला इन्चार्ज क.ऋतु हुनुहुन्थ्यो । जिल्ला सचिवालयको बैठक बस्ने निर्णय भयो । बैठकमा जान सबै साथीहरू नजिक नजिक केन्द्रित भएर बस्नुभएको थियो । अकस्मात् दुश्मनले जुटपानी इलाका घेरा हालेर सबै गाउँमा खोजी गऱ्यो । बिहान ७ बजेको समय थियो । क. सुवास मोटरसाइकल लिएर साथीहरू लिन बासबाट बाहिर जानुभयो । बाटैमा शाही सेनासँग अकस्मात जम्काभेट भयो । दुश्मनले चिनिहाले । क. सुवासले मोटरसाइकल मोड्न खोज्नुभयो । मोटरसाइकल क्लबचोकमा पल्टियो । उहाँ मोटरसाइकल छाडेर दौडिनुभयो । करिब ५०० मिटर दौडेपछि पछिपछि गई लखेट्दै गोली हानी हत्या गरे । हत्या गरसिकेपछि पनि कायर हत्याराहरूले त्यो भौतिक शरीर घिसार्दै लगेर गाउँमा प्रदर्शन गर्दै गाडीमा हाले । यो सब देख्ने महान् जनताको भनाई सुन्दा अहिल्यै दुश्मनलाई झम्टौं जस्तो लाग्छ । तर, दुश्मनको यस्तो कायरताले दुश्मनकै हार भएको छ, महान् जनताको विजय भएको छ । बर्गदुश्मनप्रति तीब्र घृणा र जनताप्रति अति माया गर्ने प्रिय क. सुवास जनताको आँखाको नानी बन्नुभएको थियो । सरल स्वभाव, सहयोगी भावना, व्यवहारिक र उच्च क्रान्तिकारी नैतिकता जस्ता गुणहरू हुन्, जसलाई हामी आन्दोलन अगाडि बढाउन नसम्झिरहन सक्दैनौँ । जति हत्या, बलात्कार गरे पनि दुश्मनले सामन्ती सत्ता जोगाउन सकेनन्, जनताले सामन्तको नाइके नै नभएको सत्ता बनाइदिए । यो आज नेपाली समाजमा जुनखाले परिवर्तन अर्थात् रूपान्तरण हुन सक्यो, त्यो १३ हजार महान् सहिदको बलिदानीबाट प्राप्त भयो । ती महान् सहिदहरूको बलिदानले प्राप्त उपलब्धीहरूलाई रक्षा गर्दै शान्तिपूर्ण तरिकाले क्रान्तिलाई अझ माथि उठाउने विशिष्ट परिस्थितिबाट पार्टी अगाडि बढिरहेको छ ।

प्रिय कमरेड, क्रान्ति अझै बाँकी छ । क. सुवासको भौतिक शरीर हामीसँग छैन तर उहाँले छाडेर जानुभएका महान् विचारले हामीलाई अगाडि बढाइरहेको छ । नेपाली जनक्रान्तिको अबको यात्रा हामी बाँचेकाहरूले पूरा गर्नुपर्नेछ । प्रिय क. सुवास, तपाईंले देखेको सपना हामी पूरा गर्ने प्रण गर्दै छौँ । दुश्मनसँग कत्ति पनि नझुकी तपाईंले जनताका निम्ति जीवन आहूति दिनुभयो, यसले हामीलाई कमजोर बनाएको छैन, बझ बढी बलियो बनाएको छ । निरन्तर क्रान्तिमा लागिरहने प्रेरणा प्राप्त भएको छ । प्रतिक्रान्तिलाई रोक्न सक्ने तागत हामीसँग छ ।

## विश्वप्रसिद्ध...

प्रतिनिधित्व गर्छिन् । ताओ-चिङको जन्म र बाल्यकालको कथा सामन्ती व्यवस्थाको चरम पतनको क्रममा सामन्ती जमिन्दारको क्रूर विलाशिता र निकृष्ट सम्पत्तिलिप्साको गाथा हो। जेहोक प्रान्तको सुदुर पहाडी गाउँमा एउटा अत्यन्त गरीब मजदूर परिवारको एउटा विधुवा स्त्री सिउ-नीलाई त्यो इलाकाको जमिन्दार लिन पो-ताङले आफ्नो वासनाको शिकार बनाउँछ । उनीबाट एउटी बच्ची जन्मिएपछि जमिन्दारले सिउ-नीलाई आफ्नो महलबाट निकालेर उनको पहाडी गाउँमा पठाइदिन्छ । त्यसपछि त्यहाँ उनले लुटिएर, पिटिएर र विक्षिप्त अवस्थामा नदीमा हाम फालेर आत्महत्या गर्छिन् ।

जमिन्दारको महलमा ताओ-चिङले सामान्य गल्तीमा पनि कुटाई खान्थिन् । उनी दासको रूपमा रहन्थिन् । उनकी सौतेनी आमा उनलाई हरेक दुःख दिइरहन्थिन् । उनी नोकरहरूको कोठामा सुत्थिन् । उनका कपडाहरू फाटेका हुन्थे, चीसोमा उनी कामिरहन्थिन् र नाङ्गा खुट्टा पूरै फुटेका हुन्थे । उनी आफ्नो सम्पूर्ण समय नोकरहरू, उनीहरूका बच्चा र गल्लीमा कपडा र कोइला बनाउने गरीब र अनाथ केटाकेटीहरूको बीचमा बिताउँथिन् । जीवनको यो अवस्थाले उनलाई गरीब र श्रमजीवीहरूप्रति दया र आफ्नो जमिन्दार पिता र उसकी पत्नीप्रति घृणाले भरिदिएको थियो ।

यसरी ताओ-चिङ केही ठूली भइन् र त्यसपछि जमिन्दारकी पत्नीले उनलाई स्कूल पठाउन शुरू गरिन्, किनभने पढेलेखेकी युवतीको बजारमा बढी मूल्य थियो। तर हाइस्कूलको परीक्षा हुनुभन्दा दुई महिना पहिले नै उनकी सौतेनी आमाले पढाई खर्च पठाउन बन्द गरिन्, किनभने ताओ-चिङले एउटा धनी बूढो र अशिष्ट अधिकारीसँग विवाह गर्न अस्वीकार गरेकी थिइन् । ताओ-चिङले जमिन्दारको महलकी नोकर्नी काकी वाङबाट आफ्नी आमामाथि भएको अत्याचारको वास्तविकता पनि थाहा पाइसकेकी थिइन् । त्यसपछि उनले फेरि कहिल्यै आफ्नो घर नफर्किने निर्णय गरिन् । साथीहरूको सहयोगबाट उनले हाइस्कूलको पढाइ सकिन् र कामको खोजीमा गाउँको एउटा विद्यालयमा शिक्षक रहेको आफ्नो एक फुपुको छोराकोमा गइन् । तर त्यहाँ पुगेपछि उनलाई के थाहा भयो भने ऊ आफ्नो प्राध्यापकको बदमासीबाट आजित भएर आफ्नी पत्नीसहित कतै गइसकेको थियो । यद्यपि प्रधानाध्यापकले उनलाई स्कूलमा रहने ठाउँ दिने र मेजिस्ट्रेडलाई सिफारिस गरेर उनलाई जागिर दिलाइदिने आश्वासन दियो।

वास्तवमा प्रधानाध्यापक यी सुन्दर युवतीलाई मजिस्ट्रेटकोमा सप्लाई गरेर आफ्नो प्रगतिको मार्ग खोल्न चाहन्थ्यो । पर्खाइको समयमा ताओ-चिङले पेकिङ विश्वविद्यालयको एक विद्यार्थी युङ-त्सेलाई भेट्छिन् । ऊ त्यही गाउँमा बस्दथ्यो र प्रधानाध्यापकको फुपुको छोरो थियो। उसको पिता गाउँको एक प्रभावकारी जमिन्दार थियो र मेजिस्ट्रेटको पनि साथी थियो । युङ-त्सेले आफ्ना साहित्यिक कुराले कल्पनाशील ताओ-चिङलाई आफूतिर आकर्षित गऱ्यो। एकपटक प्रधानाध्यापकको कुत्सित हर्कत थाहा पाएपछि ताओ-चिङ हताश भएर आत्महत्या गर्न गइरहेकी बेला युङ-त्सेले उनलाई बचायो । उनले आफ्नो प्रभावबाट ताओ-चिङलाई त्यो प्राथमिक स्कूलमा अध्यापिका पनि बनाइदियो । यी सबै कुराले गर्दा ताओ-चिङ युङ-त्सेसँग धेरै आकर्षित भइन् । पढाईको लागि पेकिङ जाँदा पनि उसले ताओ-चिङलाई लगातार चिठ्ठी लेखिरहन्थ्यो । त्यसपछि ताओ-चिङ ऊप्रति बढीभन्दा बढी भावुक हुँदै गइन् । यसरी रोमान्टिक परिकल्पनामा विचार गरिरहेको बेलामा ताओ-चिङले पेकिङ विश्वविद्यालयको विद्यार्थी रहेको कम्युनिष्ट कार्यकर्ता लू चिआ-चुआनलाई भेटिन् । त्यसपछि उनको दिमागमा राजनीतिले सबभन्दा पहिले प्रवेश पायो । लू चिआ-चिआन आफ्नी बिरामी आमा र बहिनीलाई भेट्न गाउँ आएको थियो । यही बेलामा जापानले चीनमाथि आक्रमण गरी तीनवटा उत्तरपूर्वी प्रान्तहरूमा कब्जा गरेको थियो । यसको सबैतिर उच्च बहस भइरहेको थियो । अध्यापक कक्षमा चलिरहेको बहसको क्रममा लू चिआ-चुआनले स्पष्ट र गहन राजनीतिक समझदारीको परिचय दिँदै आफ्नो कुरा राखेपछि उसबाट ताओ-चिङमा एक नयाँ ज्ञान प्राप्त भयो। लू चिआ-चुआनको कुराबाट उनले सशस्त्र संघर्षबिना जापानी साम्राज्यवादलाई परास्त गर्न सकिदैन भन्ने कुरा त बुझिरहेकी थिइन् तर अन्य अध्यापकहरू जसरी नै उनले पनि यसमा बुद्धिजीवीहरूको के भूमिका हुनसक्छ भन्ने कुरा बुझिरहेकी थिइनन् ।

लू चिआ-चुआनको उत्तर थियो - हरेक देशभक्तले आफ्नो काँधमा राइफल बोकेर युद्धक्षेत्रमा गएर लड्नु आवश्यक छैन। तपाईंहरूले प्रचार कार्यद्वारा जनतालाई जागृत गर्न सक्नुहुन्छ । यदि तपाईंहरूले विद्यार्थीहरूलाई आफ्नो देशप्रति प्रेम गर्ने र सम्मान दिने शिक्षा दिनुभयो भने त्यो हतियार उठाउनु समान हुन्छ । वास्तवमा कुनै पनि सशस्त्र क्रान्तिको लागि विचारको क्रान्ति एक अनिवार्य शर्त हो। यो क्रान्तिकारी सिद्धान्तको पहिलो शिक्षा ताओ-चिङलाई लू चिया-चुआनबाट प्राप्त भयो । उसको प्रभावशाली व्यक्तित्व, गहन राजनीतिक बुझाई, स्पष्टवादीताले ताओ-चिङलाई अभिभूत गरिदियो । त्यसपछि उनी के तुलना गर्न लागिन् भने जहाँ एकातिर युङ-त्से केवल सुन्दर साहित्यिक रूप र प्रचलित प्रेमालापहरूको मात्र चर्चा गर्दथ्यो र वर्तमान समाजका विद्रूपता र भयंकरताबाट एकदमै कटेर आफ्नो रूमानी संसारमा मग्न रहन्थ्यो, त्यसको विपरीत लू चिआ-चुआन वर्तमान सामाजिक जीवनसँग एक सजीव सरोकार राख्दथ्यो ।

त्यसपछि ताओ-चिङले आफ्नो हृदयबाट युङ-त्सेलाई निकाल्न त सकिनन्, तर उनले राजनीतिक जीवनमा प्रवेश गर्नको लागि आवश्क ठानिन् । यसपछि उनी अध्यापक र विद्यार्थीहरूको बीचमा जनविरोधी क्वोमिन्ताङ सरकारको अप्रतिरोध नीतिको आलोचना गर्थिन् र बच्चाहरूलाई महान देशभक्तिपूर्ण कथाहरू सुनाउने गर्थिन् । यसरी उनको र विद्यार्थीहरूको बीचमा जीवन्त राजनीतिक सम्बन्ध फस्टाउन लाग्यो । ताओ-चिङको व्यक्तित्वमा पनि रूपान्तरण भइसकेको थियो । तर प्रधानाध्यापकको प्रलाप र नीचतापूर्ण व्यवहारबाट वाक्व भएर ताओ-चिङले स्कूलको जागिर छोडिन् ।

उनी आफ्नो घर फर्किन सक्दिनथिन् । त्यसकारण उनी पेकिङ विश्वविद्यालयमा युङ-त्सेकोमा गइन् । युङ-त्से एक अत्यन्तै निकृष्ट स्तरको बुद्धिजीवी थियो । उसको संसार एकदमै आत्मकेन्द्रित थियो । अझै उसको पढाई पूरा भएको थिएन, तर पनि उसले आफ्नो प्रयासबाट उनलाई कुनै न कुनै राम्रो जागिर मिल्छ भन्ने आशाले आफ्ना साथी र प्रोफेसरहरूको चाप्लुसी र प्रशंसा शुरू गरेको थियो । ताओ-चिङ जीविकाको मामिलामा स्वयं आत्मनिर्भर बन्न चाहन्थिन् र उनले धेरै ठाउँमा कोशिस गरिन् तर सफल हुन सकिनन् ।

युङ-त्से कुराले त ताओ-चिङको आर्थिक रूपले आत्मनिर्भर बन्ने कुरामा सहमत थियो तर भित्र-भित्र ऊ अत्यन्तै रूढीवादी व्यक्तित्व थियो । ऊ ताओ-चिङ केवल एक गृहिणी बनेर रहून् भन्ने चाहन्थ्यो । वास्तवमा ऊ मूल्यको स्तरमा सामन्ती मूल्यमान्यताबाट जकडिएको थियो । उसको अध्ययनको विषय पनि पुरातन सामन्ती चिनियाँ साहित्य थियो, यहाँसम्म कि उसको पहिरन र रहनसहन पनि पुरातन नै थियो । यसको विपरीत ताओ-चिङ वर्तमानमा बाँच्ने एक भविष्योन्मुख युवती थिइन् । उनी पुरातनवादी समाजको बन्धनबाट निस्किएर एक स्वतन्त्र समाजमा उन्मुक्त सास लिन चाहन्थिन् । त्यसपछि युङ-त्से र ताओ-चिङको आपसी अन्तर्विरोध धेरै बढ्दै गयो र एक दिन ताओ-चिङ सधैंको लागि युङ-त्सेलाई छोडेर भाग्ने कुरा सोच्न लागिन्।

सन् १९३३ को मई दिवस समारोह पेकिङ विश्वविद्यालयका विद्यार्थीहरूले भव्यतापूर्वक मनाए; पुलिस र सेनाको प्रबल प्रतिरोधको सामना गर्दै जापानी साम्राज्यवाद र अप्रतिरोध तथा समर्पणको नीतिमा चल्ने जनविरोधो क्वोमिन्ताङ सरकारको विरूद्धमा जबर्जस्त प्रदर्शनसहित जमेर नाराबाजी गरे । पुलिस र गुप्तचर विभागका जासूहरूले देशभक्त क्रान्तिकारी युवा-विद्यार्थीहरूलाई खोजी-खोजीकन गिरफ्तार गर्न लागे; यातना दिँदै उनीहरूको निर्ममतापूर्वक हत्या गर्न लागे । विशेषगरी कम्युनिष्ट क्रान्तिकारी लू चिआ-चुआनलाई कदम-कदममा जासूसी र खोजबिन गर्न लागियो ।

यस्तै संकटपूर्ण स्थितिमा लू चिआ-जुआन जासुस र पुलिसहरूलाई छक्याउँदै एक दिन ताओ-चिङको कोठामा पुग्यो । ताओ-चिङ युङ-त्सेको मूर्खताबाट अत्यन्त क्षुब्ध र हताश भएर बसेकी थिइन् । उनलाई आफ्नो जीवन नीरस र अर्थहीन लागिरहेको थियो । कुराकानीको क्रममा एकदमै हताश भएर उनले लू चिआ-चुआनलाई यस्तो बन्दी जीवनभन्दा क्रान्तिमा भाग लिएर बहादुरीपूर्वक मर्नु नै उत्कृष्ट हुन्छ भनिन् । लू चिआ-चुआनले यस्तो सोचलाई गलत बतायो र भन्यो - हामी क्रान्तिमा मर्नको लागि होइन, बरू जिउनको लागि सामेल हुन्छौं - पहिलेदेखि नै धेरै उत्कृष्ट सार्थक जीवन जिउनको लागि र करोडौं उत्पीडित जनतामा खुशियाली ल्याउनको लागि जिउँछौं । उसले कुनै सार्थक काम नगरीकन मर्ने कुरा सोच्नु भनेको संघर्षबाट पलायन हुनु हो भन्यो ।

त्यसपछि उसले उनलाई केही कागजात दुई-तीन दिनको लागि सुरक्षित राख्न दियो। उसले उनलाई यी कागज पछि आएर लाने र नआएको खण्डमा जलाइदिनु भन्यो । यसपछि उसले एउटा जरूरी सन्देश एक निश्चित ठेगानामा पुऱ्याउनको लागि ताओ-चिङलाई पठायो र उनी फर्किने समयको प्रतीक्षा गर्न लाग्यो । यही बीचमा युङ-त्से आइपुग्यो र लू चिआ-चुआनलाई आफ्नो कोठामा देखेर पूरै जल्यो र उसलाई आफ्नो कोठाबाट निकालिदियो । बाहिर निस्किएर ऊ आफ्नो एउटा साथीको ढोकामा पुग्नै लाग्दा गिरफ्तार भयो । जेलमा उसलाई भयंकर यातना दिइयो तर पनि शत्रु उसबाट कुनै रहस्य उकाल्नमा सफल भएनन् । यति मात्र होइन लू चिआ-चुआनले जेलमा पनि संघर्ष गरिरह्यो, आफ्ना मागहरूलाई लिएर उसले जेलमा कैदीहरूको भोक हड्ताल गराइदियो । अन्ततः उसलाई मारियो । तर मर्नुभन्दा पहिले उसले अन्तिम साससम्म आफ्नो क्रान्तिकारी लक्ष्यको दिशामा काम गरिरह्यो ।

यता ताओ-चिङले सन्देश पुऱ्याएर फर्किंदा लू चिआ-चआनलाई नदेखेर सशंकित भइन् । उनी युङ-त्सेको व्यवहारबाट अत्यन्त क्षुब्ध र दुःखी थिइन् । दस दिनसम्म लू चिआ-चुआन कागजात लिन नफर्किएपछि उनले कागजात भएको ब्रिफकेस खोलिन् । त्यसमा साम्राज्यवाद-विरोधी र क्वोमिन्ताङ सरकार विरोधी पर्चा थिए । उनले तिनीहरूलाई जलाइनन्, बरू साहसपूर्वक एक्लै धेरै रात मेहनत गरेर ठाउँ-ठाउँका गल्लीहरूमा टाँसिन् । केही नबताइकन बाहिर निक्लिने र अबेर राति फर्किएको कारणले युङ-त्से असन्तुष्ट थियो । दुवैको आपसी झगडाको कारणले ताओ-चिङले घर छोड्ने निर्णय लिइन् ।

ताओ-चिङले आफ्नो सामान समेटेर जाने तयारी गरिरहेको बेलामा एउटा गद्दार कम्युनिष्ट कार्यकर्ता ताई यू उनलाई भेट्न आयो । ऊ क्वोमिन्ताङ सरकारको जासूस बनिसकेको थियो तर ताओ-चिङलाई यो कुरा थाहा थिएन । त्यसकारण उनले लू चिआ-चुआनसँग आफ्नो अन्तिम भेट र पर्चा टाँसेको सम्पूर्ण विवरण खोलेर बताइन् । ताई यूले धैर्यपृवक सुनिरह्यो । ऊ पटक-पटक ताओ-चिङलाई कमरेड, कमरेड भनेर सम्बोधन गर्दथ्यो तथा क्रान्तिकारी लफ्फाजीका कुरा सुनाइरहन्थ्यो । तर सोझी र अनुभवहीन ताओ-चिङले यो कुरा बुझिनन्। ताई यू गएपछि उनी अर्को ठाउँमा गएर बस्न लागिन् । यहाँ उनी क्रान्तिकारी साहित्य पढ्न र क्रान्तिकारी साथीहरूसँग भेटघाट गर्न पूर्ण रूपले स्वतन्त्र थिइन्। उनी गिरफ्तार भएका क्रान्तिकारी साथी सू निङलाई हेर्न र आफ्नी साथी वाङ सियाओ-येनसँग भेट्न जाँदा ताई यू उनको गतिविधिमाथि दृष्टि दिइरहन्थ्यो ।

गद्दार ताई यूको कारण उनी एक दिन गिरफ्तार भइन् । गिरफ्तारीको यो षड्यन्त्रमा त्यो बूढो अशिष्ट अधिकारी हू मेङ पनि सामेल थियो, जो उनीसँग विवाह गर्न चाहन्थ्यो । त्यो बूढाले ताओ-चिङलाई जमानतमा रिहा गरायो, किनकि ऊ उनलाई पैसाको लालच र धम्की देखाएर मनाउन चाहन्थ्यो । तर ताओ-चिङले उसलाई दुत्कारिन् । हूले उनलाई धम्क्याउँदै तीन दिनको समय दियो र के भन्दै गयो भने यदि उनले त्यो समयसम्म उसको कुरा मानिनन् भने उनलाई कम्युनिष्ट गतिविधिहरूमा सामेल भएको आरोपमा फसाइदिनेछ । त्यसपछि ताओ-चिङ आफ्नी साथी सियाओ-येनका पिता प्रोफेसर वाङ हुङ यिनको सहयोगबाट तिङ-त्सिएन नामक स्थानमा गइन् । त्यहाँ प्रोफेसर वाङको सिफारिसमा एक प्राथमिक स्कूलमा उनलाई अध्यापिकाको जागिर मिल्यो । तिङ त्सियेनमा काम गर्दैगर्दा ताओ-चिङको एउटा कम्युनिष्ट कार्यकर्ता चियाङ हुआसँग भेट भयो। उसको सम्पर्कमा आएर ताओ-चिङले धेरै राजनीतिक जानकारी प्राप्त गरिन् र उनले श्रमिकहरूसँग भेटघाट बढाउने प्रेरणा प्राप्त गरिन् । चियाङ हुआले ताओ-चिङलाई व्यावहारिक काममा रुचि लिन र मजदूर-किसानहरूसँग घनिष्ठ सम्बन्ध बढाउन सल्लाह दिएर गयो ।

यही बीचमा गद्दार ताई यूको षड्यन्त्रमा ताओ-चिङ पुनः गिरफ्तार हुन लागेकी थिइन् । तर आफ्नो एउटा विद्यार्थीले यसको संकेत दिएपछि उनले यो ठाउँ छोडिन् । उनी आफ्नो एक साथी सिऊ यीङको घरमा लुकिन् । यहीँ उनको एक अधवैंशे क्रान्तिकारी महिलासँग भेट भयो, जसको एकपटक चियाङ हुआले फूपु ली भनेर चर्चा गरेको थियो । फूपु ली पार्टी कार्यकर्ता थिइन् । उनको सहयोगले तथा पार्टी कार्यकर्ताको सल्लाहबाट ताओ-चिङले एउटा जमिन्दार परिवारका बच्चाहरूलाई ट्यूसन पढाउने काम पाइन् । पढाउने बहानामा केही आवश्यक सूचना संकलन गर्नु र तिनीहरूलाई पार्टीमा सुम्पिनु उनको जिम्मेवारी थियो ।

जमिन्दार परिवारमा काम गर्दै ताओ-चिङले एउटा घरेलु नोकर्नीसँग मिलजुल बढाइन् तथा उनको मद्दतबाट जमिन्दारको छोरो सूङ यू पिनले तयार गरिराखेको कालो सूची प्राप्त गर्नमा सफल भइन्, जसमा तमाम कम्युनिष्ट क्रान्तिकारी र देशभक्तहरूका नाम थिए । सूङ यू-पिनले क्वोमिन्ताङ प्रतिक्रियावादीहरूसँग मिलेर सम्पूर्ण क्रान्तिकारी र देशभक्तहरूलाई पक्राउने योजना बनाएको थियो । यसमा ताओ-चिङको नाम पनि थियो । त्यसपछि ताओ-चिङलाई त्यहाँबाट निक्लिएर भाग्नमा एकजना मजदूर चेङ तेह-फूबाट सहयोग प्राप्त भयो । ऊ पहिले ताओ-चिङको जमिन्दार पिताको आसामी रहिसकेको खेतमजदूर थियो । तर उसको जमिन्दार पिताले यो मजदूरलाई बर्बाद बनाइदिएको थियो । उसले चेङकी पत्नीलाई बलात्कारको शिकार बनाएको थियो, जसको ग्लानी सहन नसकेर उनले आत्महत्या गरेकी थिइन् । त्यसपछि ऊ त्यहाँबाट भागेर यहाँ आएको थियो ।

पहिले त चेङ तेह-फूह ताओ-चिङलाई घृणा गर्दथ्यो तर पछि उसलाई उनको व्यक्तित्वको वास्तविकता थाहा भएपछि हृदयबाट नै उनलाई साथ दियो । ताओ-चिङमा पनि धेरै परिवर्तन भयो । अहिलेसम्म जमिन्दारहरूप्रति उनको मनमा जुन घृणा थियो, त्यो व्यक्तिगत कारणले यो - उनको जमिन्दार पिताले उनलाई अत्यन्तै घृणित रूपमा प्रताडित गरेको थियो । तर खेतमजदूरसँग उसको पिताले गरेको शर्मनाक व्यवहारले उनलाई सम्पूर्ण जमिन्दार वर्गको विरूद्ध घृणाले भरिदियो । अब उनले को मित्रवर्ग हो र को शत्रुवर्ग भन्ने कुरा स्पष्ट रूपले बुझिसकेकी थिइन् ।

जमिन्दारकोबाट भागेर ताओ-चिङ पुनः पेइपिङ आइन् र आफ्नी साथी सियाओ-येनसँग भेट गरिन् । ताओ-चिङसँग लगातार सम्पर्कको कारणले सियाओ-सेन हृदयदेखि नै क्रान्तिकारी विचारले लैस भइन् । यही बीचमा ताओ-चिङ फेरि गिरफ्तार भइन् । अशिष्ट बूढो निर्देशक हू मेङ-ऐन अझै उनको पछाडि लागेको थियो । जेलमा ताओ-चिङलाई भयंकर यातना दिइयो । उनको नाकमा खुर्सानी पानी हालियो, उनको शरीरलाई तातो फलामको डण्डीले डामियो। उनी रगतले लत्पतिएर धेरै दिनसम्म बेहोस रहिन् तर पनि उनले कुनै पनि गोप्य कुरा खोलिनन् । जेलमा नै उनले क्रान्तिकारी सिद्धान्त र व्यवहारको धेरै शिक्षा लिइन् ।

चेङ चिङलाई मृत्युदण्ड दिएपछि ताओ-चिङ धेरै दुःखी भइन् तर त्यसपछि क्रान्तिकारी संघर्ष र क्रान्तिकारी लक्ष्यमा उनको आस्था अझ बढ्यो । यसपछि उनी जेलभित्र कैदी साथीहरूको भोक हड्तालमा सामेल भइन् । उनैको प्रभावबाट एक कैदी विद्यार्थी शू सिऊ पनि क्रान्तिकारी संघर्षमा कन्भिन्स भइन् । केही पछि प्रोफेसर वाङले ताओ-चिङलाई जमानतमा रिहा गराइदियो। लाखौं कोशिस गर्दा पनि जेलका अधिकारीहरूले ताओ-चिङको विरूद्धमा कुनै प्रमाण नपाएको कारणले उनको रिहाइ भएको थियो । जेलबाट छुटेपछि कम्युनिष्ट पार्टीले ताओ-चिङको संकल्पबद्धता र क्रान्तिकारी सिद्धान्त तथा व्यवहारमा आस्था एवं सहभागितालाई देखेर उनलाई पार्टी सदस्यता दियो ।

ताओ-चिङको जीवनमा यो एक अविस्मपरणीय आनन्ददायी घटना थियो । उनलाई पार्टीको तर्फबाट एक महिला क्रान्तिकारी लिऊ यी-फेङसँग साहित्य-वितरण र जनसम्पर्कको काममा लगाइयो । यही बीचमा उनकी साथी सियाओ-येन गद्दार ताई यूको पक्कडमा फसिसकेकी थिइन् । त्यो गद्दारले उनलाई यसरी गुमराहमा पारिदिएको थियो कि उनी ऊसँग विवाह गर्नसम्म तयार भएकी थिइन् । ताओ-चिङले उनलाई ताई यूको शंकास्पद चरित्रको बारेमा सतर्क पनि गरिन् तर उनले ताओ-चिङको कुरामा विश्वास गरिनन् । ताई यू धेरै चलाख थियो । उसले एकपटक चियाङ हुआलाई पनि फसाएको थियो तर ऊ आफ्नो कौशलबाट बचेर निक्लियो । उसले ताई यूको पार्टी विरोधी गतिविधि र क्वोमिन्ताङसँग उसको साँठगाँठको सम्पूर्ण रिपोर्ट पार्टी कमिटीलाई दिएको थियो, जसको परिणामस्वरूप उसलाई पार्टी कमिटीबाट बाहिर निकालियो ।

यही बीचमा सियाओ-येनको पनि ताई यूसँग मोहभंग भयो । उनले एक दिन ताई यूको गोजीबाट सम्पूर्ण कम्युनिष्ट क्रान्तिकारी र देशभक्तहरूको नाम भएको कालो सूची प्राप्त गरिन् । त्यसपछि सियाओ- येनको पुनः ताओ-चिङसँग घनिष्ठ सम्बन्ध बढ्यो र उनी क्रान्तिकारी काममा जुटिन् । यता पार्टीबाट निष्कासित भएपछि ताई यूले अन्तर्घातको काम गर्न सक्दैनथ्यो । अब ऊ क्वोमिन्ताङ प्रतिक्रियावादीहरूको कुनै कामको रहेन, त्यसकारण प्रतिक्रियावादीहरूले उसको हत्या गरिदिए ।

विद्यार्थीहरूको एक संयुक्त फेडेरेशन संगठित गरी जापानी साम्राज्यवाद र प्रतिक्रियावादी क्वोमिन्ताङ सरकारको आत्मसमर्पणकारी एवम् अप्रतिरोध नीतिको विरोध गर्ने निर्णय कार्यमा चियाङ हुआ, ताओ-चिङ र सम्पूर्ण क्रान्तिकारी एवं प्रगतिशील युवा विद्यार्थीहरू एकजुट भए । प्रतिक्रियावादी तथा उनीहरूको संगठनको विरूद्धमा व्यापक संघर्ष भयो । ताओ-चिङ यसमा धेरै पटक अपमानित र प्रताडित पनि भइन्। तर अब उनी पहिले जस्ती थिइनन् र न उनी दुस्साहसवादी नै थिइन् । उनले एक क्रान्तिकारी विचारधाराको माध्यमबाट संघर्षका सम्पूर्ण कठिनाइहरू झेल्दै लक्ष्यको दिशामा निरन्तर अघि बढिरहने मानसिक परिपक्वता हासिल गरिसकेकी थिइन् । अब उनमा पहिलेको जस्तो कोरा आदर्शवादी कल्पनाशीलता थिएन र उनमा निराश भएर दुस्साहसपूर्ण शहादतमा जीवनको सार्थकता खोज्ने उत्ताउलोपन पनि थिएन । क्रान्तिकारीकरणको आगोमा बलेर उनी धेरै निखारिएकी थिइन्। उनले संघर्षको निर्ममतलाई बुझेकी थिइन् र ढुलमुलपन वा उदारतावादको दुर्बलताबाट छुटकारा पाइसकेकी थिइन् ।

यद्यपि अझै पनि उनको मनमा शहीद लू चिआ-चुआनको एक आदर्श क्रान्तिकारी छवि बनेको थियो, तर पनि उनको क्रान्तिकारीकरणको व्यावहारिक अग्निदीक्षामा चियाङ हुआको अविस्मरणीय योगदान थियो । त्यसकारण एक दिन चिआङ हुआले उनीसमक्ष आफ्नो हार्दिक प्रेमको प्रस्ताव राखेपछि उनले आफूलाई अत्यन्त सम्मानित महसुस गरिन्, तर लू चिआ-चुआनको स्मरण एक वेदना बनेर उनको मनमा आएको थियो, जसको थोरै पनि पीडा चिआङ हुआलाई थिएन ।

जे भए पनि यी क्रान्तिकारी युवाहरू पेकिङ विश्वविद्यालय र अन्य विश्वविद्यालय, कलेज र स्कूलका विद्यार्थीहरूको संयुक्त फेडेरेशन बनाउनमा सफल भए । त्यसको नेतृत्व उनको हातमा आयो। सेप्टेम्बर ९, १९३५ मा यो फेडेरेशनको आव्हानमा विद्यार्थीहरूले आम हड्ताल गरे, प्रदर्शन गरे, नाराबाजी गरे र सशस्त्र पुलिस तथा सेनाको विरूद्धमा जमेर संघर्ष गरे । यस क्रममा धेरै हताहत र गिरफ्तार भए ।

एकातिर माओ त्से-तुङको नेतृत्वमा लालसेनाले जापानी साम्राज्यवादी र क्वोमिन्ताङ प्रतिक्रियावादीहरूसँग संघर्ष गर्दै निरन्तर अगाडि बढिरहेका थिए भने अर्कोतिर युवा-विद्यार्थीहरूको वैचारिक आन्दोलन र जनसंघर्ष आम जनतालाई जागृत गर्दै व्यापक जनाधार तयार गर्ने दिशामा निरन्तर अगाडि बढिरहेको थियो । सिद्धान्त र व्यवहार, वैचारिक संघर्ष र सशस्त्र संघर्षको यो परस्पर तालमेलले क्रान्तिकारी संघर्षलाई क्रमशः उद्देश्यतिर बढाइरहेको थियो । युवाहरूले साम्राज्यवादी शत्रुहरूलाई ध्वस्त बनाउन र युगौंदेखि दबदबा कायम गरेर रहेको सामन्ती कचेरालाई फ्याँकी एक नयाँ समाजको रचनाको जुन गीत गुन्जाए, त्यसको प्रस्थानमा केवल अहिलेसम्म तटस्थ रहेका पढैया विद्यार्थी मात्र सामेल भएनन्, बरू बुजुर्ग प्रोफेसरसम्म पनि आफ्नो मध्यमवर्गीय जडतालाई तोडेर सडकमा उत्रिए ।

डिसेम्बर १६, १९३५ को विशाल प्रदर्शन कुन अर्थमा अभूतपूर्व थियो भने त्यसमा प्रोफेसर वाङ जस्ता बुजुर्ग अध्यापक पनि आफ्नी बूढी पत्नी र अन्य साथीहरूसँगै प्रदर्शनमा सामेल भए, नारा लगाए र पुलिसका डण्डा खाए । उनीहरूले आफ्नो जीवनलाई पहिलो पटक सार्थक भएको ठाने । यहाँ सियाओ-येनका पिता प्रोफेसर र उसकी आमा अर्थात् श्रीमति वाङको बीचमा प्रदर्शनमा सामेल हुनुपूर्व भएको वार्ता खासगरी कुनै पनि बुद्धिजीवी अध्यापकको लागि प्रेरणादायी छ । युवा जोशले भरिएर प्रोफेसर प्रदर्शनमा जानको लागि उठेपछि उसकी पत्नीले चिन्तित भएर भनिन्, हूङ सोच्नुहोस् त म करिब पचास वर्षकी भएँ र सियाओ-येनका बहिनी अझै साना छन् । यदि तपाईं बाहिर गएर केही भयो भने के गर्नु ? त्यसपछि प्रोफेसरले हप्काउँदै भन्यो, यदि कसैले यो खतरा उठाउने हिम्मत गरेन भने यो संसार छिट्टै खत्तम हुन्छ । यसपछि श्रीमती वाङ पनि प्रोफेसरसँगै जान तयार भइन् ।

यसरी १६ डिसेम्बरमा भएको यो ऐतिहासिक प्रदर्शनको दिशा र लक्ष्य प्राप्तिको लागि समर्पित संघर्षमा बुद्धिजीवीहरू र खासगरी युवा-विद्यार्थीहरूको भूमिकालाई रेखाङ्कित गरेपछि याङ मोको यो भव्य उपन्यास सकिन्छ । जिन्दगी अगाडि बढिरहन्छ, गाइरहन्छ र लडिरहन्छ । यो उपन्यास चिनियाँ सामाजिक पृष्ठभूमिमा लेखिएको भए पनि यसले संसारका क्रान्तिकारी बुद्धिजीवी र विद्यार्थीहरूलाई सामाजिक संघर्षमा आफ्नो भूमिका निर्वाह गर्नको लागि महत्त्वपूर्ण मार्गदर्शनको काम गरेको देखिन्छ ।

***सन्दर्भ स्रोतहरू***


१. The Song of Youth – Yang Mo, Foreign Languages Press, China, १९६४ ।

२. तरुणाई का तराना - याङ मो - हिंदी संस्करण - अनुवाद विश्वनाथ मिश्र, परिकल्पना प्रकाशन

३. Study and Research of various websites, blogs, online portals, youtube channels, etc.

# घमण्ड, असक्षम र भ्रष्ट नेतृत्वको परिणाम



● नारायण प्रसाद भण्डारी ●

- विचौलिया लुटेराहरूको पहिचान गरि यथासिघ्र कार्बाहिको दायरामा ल्याइ लुटिएका सम्पत्ति फिर्ता गराउन ढिलो नगरियोस् ।
- अध्याँरा कोठाहरूमा गाडेर लुकाइ छिपाइ राखेको अथाह चल-अचल राष्ट्रिय सम्पदाको पर्दाफाससमेत भयो ।
- नेतृत्वमा देश र जनताका समस्या हल गर्न पट्टि कुनै चिन्तन नै भएन, मात्र कमाउने कसरी, सत्ता टिकाइ रहने कसरी भन्ने मै अहोरात्र लागि परे ।

सर्बप्रथम देश र जनताको लागि विर गति प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरू प्रति हार्दिक श्रदान्जली ! अस्पतालका बेडहरूमा छटपटाइ रहनु भएका घाइते अपाग सबमा शीघ्र स्वास्थ्य लाभको कामना बेपत्ता योद्धाहरूको यथासिघ्र खोजी कार्य होस ! अहिलेका मात्र नभै पटक पटकका संर्घषमा पनि बेपत्ता योद्धाको खोजी कार्य हुन नसकेको सबैमा जगजाहेरै छ । हालै नेपालमा २०८२ भाद्र २३,२४ गतेको दिन सामाजिक सन्जाल बन्द गराइएको र भ्रष्टाचार विरुद्धमा राज्यसंग चुनौतीका साथ मुकाविला गर्दै अकल्पनीय साहसी कदम चाल्नुहुने यो देशका सक्षम विज्ञ युवा पुस्ताका जेनजीहरूको आन्दोलन एबं विद्रोह प्रति ऐक्यबद्धता साथै जेनजीको नाममा लुटपाट तोडफोड आग्जनी चोरी डकैतिगर्ने (नक्कली) विचौलिया लुटेराहरूको पहिचान गरि यथासिघ्र कार्बाहिको दायरामा ल्याइ लुटिएका सम्पत्ति फिर्ता गराउँन ढिलो नगरियोस । सरकारसँग हार्दिक अनुरोध छ ।

हालै देशमा भएको नयाँ एवम् छोटो अवधिमै देश र जनताका मागहरू लिएर सडकमा उत्रिएका भविष्यका कर्णधार युवा पुस्ताका जेनजीहरूको शान्तिपूर्ण आन्दोलनलाइ विद्रोहमा रूपान्तरण गराउन बाध्य पार्नेहरूको समेत यथार्थ छानविनको अपेक्षा गर्दै उक्त विद्रोह बाट जनताले प्रत्यक्ष रूपमा देशको सम्पत्ति, अध्याँरा कोठाहरूमा गाडेर लुकाइ छिपाइ राखेको अथाह चल अचल राष्ट्रिय सम्पदाको पर्दाफास समेत भयो । राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा परिचित दलका नेता कार्यकर्ताहरूले आलोपालो गर्दै सत्तामा पुगेर भ्रष्टचार गरेको कुकृत्यले उनीहरूको छवि समाप्त त भयो नै देश विदेशमा पनि यही घटनाले उदागों बनायो । अहिले पनि लुटिएको स्वर्ग फिर्ताउँन का लागि अध्याँरा कोठाहरूबाट कसरतमा लागि परेका छन ।के गरम कसो गरम भन्दै विभिन्न जाल बुन्दै छन । जेहोस विद्रोहले आगामी नयाँ नेपालको कल्पनालाइ यदि साम्रज्यवाद पुँजीवाद,नवफाँसिवाद,देशी,विदेशी विचौलिया(,र)एबं पश्चिमाहरूको बन्धनहरू यस्तै गरि तोडन सके त्यती बेला मात्रै सहिदका सपना र विद्रोहले सार्थक्ता पाउने छ ।अर्को तर्फ यी दुखद घटना बाट क्षतिग्रस्त जनधनको विश्लेषण गर्नु पर्दा अकल्पनीय क्षति मात्र भएन देश नै खरानी हुन पुग्यो । देशको कति नोक्सान भयो? छिटपुटका समाचार त सुनिन्छ तर सुने भन्दा धेरै माथि होला ? भन्ने लाग्छ ।

वास्तविकता सरकारद्धारा बनाइएको छानविन आयोगले सत्य तथ्य अवश्य ल्याउँने नै छ । अहिले यत्रतत्र जनतामा मडारिएका केहीप्रशगंले के देखाउँ छ ?भन्दा २१औ शताब्दिको नँया नँया घटना परिघटना नेट इन्टरनेट र विभिन्न प्रकारका सुविधा संग रमाउने आजको नयाँ जेनेरेशन लाइ नयाँ नयाँ विज्ञानका कुराहरूमा प्रोत्साहन गर्नुको साटो झनै उल्टो अन्धकारको बाटोतिर यात्रा गर्न बाध्य पार्ने विभिन्न किसिमका षडन्यत्रकारी जालमा फसाउँन खोज्नेहरूको विरुद्धमा असन्तुष्ट जनाउने आफनै देशका जनता संग अहंता घमण्ड देखाएर सुज बुझ विना गोलि बर्षाउन आदेश दिने देशका अभिभाबक को गैर जीम्मेवारी पन बदलावको भावनामा प्रेरीत भै सामन्तवादी आतकंवादी(हिटलर) बन्न खोज्दाको परिणाम र जेनजी युवा पुस्ताले गरेको शान्तिपूर्ण आन्दोलन लाइ विद्रोहमा परिणत गरि हुल भित्र घुसेर सधै देशमा ब्रमह्लुट गरि खान पल्केका देशी बिदेशी दलाल भ्रष्टाचारी माफिया विचौलिया साम्रज्यवादी (र) का एजेणट हरूको घुसपैठका कारण राष्ट्रका ऐतिहासिक सदियौं बर्ष पुराना अमूल्य सम्पदा एबं विभिन्न प्रकारका ब्यापार ब्यबसाय गरि जीविको पार्जन गरेका ब्यबसायी हरूका अरबौंका निजी सम्पत्ति समेत खरानी भए ।

अहिले नेपालमा जेनजीहरूले ऐतिहासिक नयाँ प्रकारको विद्रोह गरे । यसको बारेमा देश विदेश जता ततै फेसबुकका भित्ता ,मिडिया,पार्टीका सभा सम्मेलन, हरेक स्थानहरूमा सकारात्मक नकारात्मक टिका टिप्पणी बहसहरू अनबरत रूपमा देख्न सुन्न पढन ,चिया गफमा ,ठूला देखि साना सम्म आन्दोनकै बारेमा कुराहरू भएको पाइन्छ । वास्तबमा देशमा थुप्रै पटक संघर्ष ,आन्दोलन ,जनयुद्ध ,बन्द हडताल,आगजनी तोडफोडका घटना दर्जनौ पटक भए तर देश र जनताले चाहेको जनपक्षीय जनवादी ब्यबस्था आन्दोलनको मर्म अनुरूप थोरैपनि परिबर्तन भएको महसुस गर्नसम्म पाइएन । जहिले पनि जस्तोसुकै वलिदानी गरे पनि जनताको काँधमा टेकेर उही जनतालाइ झनै थिचोमिचो पारेर मोज मस्ति ऐस आराम भ्रष्टचार कमिसन महगीं शास्ति करमा बृदी राष्ट्रको संपत्तिमा आलोपालो मिलेरावादी शैलीमा हालिमुहालि गर्दै देश नागों बनाए । विरोध गर्ने जनता माथि दमन अत्याचारले सिमा नाघ्यो तर जनताका पीडा पोख्ने ठाउँ कहि कतै हुन सकेन । नेतृत्वमा देश र जनताका समस्या हल गर्न पट्टि कुनै चिन्तन नै भएन, मात्र कमाउने कसरी, सत्ता टिकाइ रहने कसरी भन्ने मै अहोरात्र लागि परे ।

कुनै कार्यक्रमको मन्चमा होस, मिडिया, सभा, सम्मेलनमा खाली ताइ न तुइका खोक्रा भाषण पुराना शासकहरूका नकारात्मक इतिहासको भजन सुनाउदै आफु भन्दा असल सक्षम अरु कोहि नभएको घमण्ड देखाए तर जतिसुकै सत्तो सराप गरेपनि हाल सम्म ती राणा र पन्चायत कालमा निर्माण भए गरेका देशका अमूल्य सम्पदा फेरि बन्न बनाउन कसैको हुति भएन बरु जब जब आन्दोलन संघर्ष विद्रोह युद्ध जे भएपनि तीनै शासकहरूले निर्माण गरेका ऐतिहासिक सम्पदाहरू नै क्षति हुन्छन । राष्ट्रको गौरबमय इतिहास मेटिन्छन । यो विडम्बना हो । शासकहरू जे जस्ता भएपनि उनले निर्माण गरेका संपत्ति के देशकै होइनन र ? न्यायको खोजी गर्दा कति नेपाली आमाका कोख रित्तिनछन ?कैयौं निसन्तान हुन्छन । सयौं एकल हुन्छन । कति बेपत्ता हुन्छन ?अनगिन्ति घाइते अपांग हुन्छन ? तिनीहरूको अबस्था कस्तो छ ?कुनै लेखाजोखा हुदैन ।मात्र हुन्छ सत्ताको जोड घटाउ, गोहिका आँशु बगाउँदै जेनतेन घाइतेहरूलाइ मलम पटटी लगाइन्छ । देश र जनताको लागि जीवन आहुति गर्ने विर योद्धाहरूलाई मुस्किल्ले सहिद घोषणा गरिन्छ । क्षति पुर्तिको नाममा सहिदको विरतालाई पैसामा अबमूल्यन गरिन्छ । नेपालको हाल सम्मको परम्परा यही हो । उनका पनि बाल बच्चा होलान ? उनका पनि बृद्ध आमा बुबा होलान ? उनी सगं खुसि साटने हरू हुन्छन होला ?उनकै भर आधारमा बाँच्नेहरू होलान ?के ती विर योद्धाहरूले पैसाको लागि रगत बगायका थिए र बगाउने गर्छन ? के उनीहरू देशको परिवर्तनमा लाग्दा मरे पछि पैसा आउँछ । तिमीहरू त्यसैले गुजरा गर्नु भनेर टाउँकोमा कफन बाधेर क्रान्तिमा लागेका थिए ? त्यसकारण देश र जनताको सुख समृद्धिको लागि जीवन आहुति गर्ने क्रान्तिकारी योद्धाहरूको अपमान हुने परम्पराको अन्त्य हुन सकेन ।

फेरि पनि यो अहिलेको विद्रोहलाई पुरानै शैलीमा हेर्न खोजीयो भने सत्तामा जानेहरूले ,राष्ट्रको ढुकुटी जनताको खुन पसिना करको नाममा सकंलित हुने राजस्व बाट सेबा सुविधा लिनेले र राजनीतिको खोल ओढेर सत्तामा पुगेपछि हालीमुहाली गर्न खोज्ने सबैले ठूलो मूल्य चुकाउनु पर्ने छ । अहिले साम्राज्यवादका नाइके ,दलाल पुँजीवादका एजेण्ट र देशी विदेशी विचौलियाहरूले विभिन्न कोणबाट सरकारमा जाने हरूसगं नाता गाँथ्ने,नीकट सहयोगी बनेर बधाइ दिने हरूको भ्याँइ नभ्याँइ असार १५ जस्तो भएको देखिन्छ । देशमा नेतृत्वको जिम्मा लिनेहरू कहिल्यै आत्तिने ,मात्तिने र तात्तिने नहोस । राष्ट्रका लागि बलिदानी गर्नेहरूका सम्पूर्ण सन्ततीको जिम्मा राज्यले लिनु पर्छ । काज क्रीया मलम पटिटको खर्चबाट उम्कीने छुट हुने छैन । बर्तमान नेपालको अबस्था दर्दनाक छ । प्राकृतिक प्रकोप,कोरोना,बाढी पहिरोको कारण हप्तौका तनाबपूर्ण जामका शास्ती ,भूकम्प, देशका घटना परिघटना अरबौंको अकल्पनीय क्षति पटक पटकका चुनाव,स्थानीय देखि केन्द्र सम्मका जनप्रतिनीधि भन्नेहरूले हाल सम्म राष्ट्रको धन माथि गरिएका हरेक किसिमका मोज मस्ति को फजुल खर्च र सत्तामा जानेहरूका पार्टीका झोले पाल्दा समेतको अबैधानिक फजुल खर्च लगायतका पीडाबाट देश अत्याधिक थलिएको छ ।अब सबै एकमत भएर देशको लागि सहिदका सपना पुरा गरेर नेपाल को भविष्य निमाण गर्न कम्तीमा २० बर्ष लाग्ने छ । देश त्यती पछि परेको छ ।

अन्तमा सरकारले अति छिटो गर्नु पर्ने काम ढिला हुदै गएको छ । देश अशुरक्षित छ ।नेपालमा कति बेला फेरि के हुन्छ भन्न सकिने अबस्था छैन ।हजारौ हतियार बाहिरीयका छन । हजारौ कैदी बन्दी कहाँ कुन अबस्थामा छन ? देशको अकुत भ्रष्टाचारबाट लुकाइ छिपाइ गाडिएका धन के कति खरानी भए ? भ्रष्टाचारी हरूले कालो धन कहाँ कहाँ देश विदेशमा लुकाएका छन ? त्यसको वास्तविक डेटा निकालेर भ्रष्टाचारीलाइ दण्ड र ताकी ताकी गोली हान्ने छानी छानी आगजनी गर्ने आन्दोलनका घुस पैठेहरूको छानविन र कार्बाहिका काम किन ढिला सुस्ति हुदै कछुवाको तालमा जादैछ ? जेनजीको विद्रोहमा कति सहिद भए ?कति घाइते अपाँग भए कति अझै बेपत्ता छन ? यसको यथार्थता जनताले जान्न पाउने कार्य पनि किन ढिला हुदैछ ? यी सबै खाले चुनौतीको बिचबाट जेनजीको छनौटमा निर्माण भएको नयाँ अन्तरिम सरकारले सुनौलो इतिहास कोर्ने छ । जेनजी आन्दोलनको मर्मलाई आत्म साथ गर्दै खरानीको विचबाट राष्ट्रलाइ हराभरा बनाउने छ भन्ने यही आशा अपेक्षा विश्वासको प्रतिफल देश र जनताले अवश्य छिटै प्राप्त गर्न पाउने छ । धन्यवाद !

# आधार कार्ड भारतको नागरिकता हैन



● राजु अधिकारी ●

मेरो नाम राजु अधिकारी हो । मेरो जन्म २०३८ चैत्र १ गते बाग्लुङ नगरपालिका वडा नं १२, अमलाचौर काउले गाउ, बाग्लुङ जिल्लामा भएको हो ।

म रोजीरोटीको समस्या समाधान गर्न भारतको चेन्नैमा आएको थिएँ । चेन्नैमा भारतस्थित नेपालीहरूको हक अधिकार र सुरक्षाको प्रत्याभूत गर्ने अभिभावकीय संगठन अखिल भारत नेपाली एकता समाज रहेछ । एकता समाजको प्रभावमा आएपछि २००५ मा सदस्यता लिए र २००९ देखि समाजका विभिन्न पदमा रहेर निरन्तर रूपमा संगठनमा काम गरिरहेको छु ।

अखिल भारत नेपाली एकता समाजले भारतमा काम गर्ने नेपाली मजूदरहरू, अध्ययन गर्ने विद्यार्थी, व्यापारीहरूको हकहित र सुरक्षाको लागि दिन रात खटेर काम गरेको देखे । सबैलाई संगठित गर्ने, दुःखी गरिवका गीत र नृत्यहरू समावेश गरेर साँस्कृतिक कार्यक्रम गर्ने र समय समयमा खेलकुदहरू गरेको देख्दा म एकता समाजको कामदेखि निकै प्रभावित हुन पुगेँ । अर्कोतर्फ बाग्लुङ अमलाचौर भनेको मसालको किल्ला थियो । मेरो सबै परिवार बामपन्थी विचारदेखि प्रभावित थियो । मेरा दाजु कृष्ण अधिकारी भारतको चेन्नैदेखि विद्यार्थी मोर्चामा काम गर्दै अनेरास्ववियु (छैटौ) को केन्द्रीय अध्यक्ष पनि हुनु भएको थियो । ती सबै कुराले मलाई संगठित हुन प्रभावित गरेको थियो । म प्रवासमा २००५ देखि अखिल भारत नेपाली एकता समाजमा आबद्ध हुदै एरिया समिति, नगर अध्यक्ष, क्षेत्र र केन्द्रीय समितिको सदस्यमा कार्यरत छु ।

म गाउँमा जन्मेको हुनाले सामान्य अध्ययन पनि गर्दै थिएँ । मैले २०६२ फागुन ८ गते करिव २४ वर्षको उमेरमा बाग्लुङकै जैमिनी नगरपालिका वडा नं २ दमेकबाट मैनादेवी सापकोटासँग मागी विवाह गरेको हुँ । विवाह पश्चात् अहिले परिवारसँगै चेन्नैमा रहँदै आएको छु । हाम्रा दुई छोरा छन् । जेठो छोरा विक्रम अधिकारीले चेन्नैको सविता ईन्जिनियरिङ कलेजबाट ब्याचलर अफ ईन्जिनियरिङ कोर्सको दोश्रो वर्ष अध्ययन गर्दैछ भने कान्छो छोरा विजयले ५ कक्षामा अध्ययन गर्दैछ ।

अखिल भारत नेपाली एकता समाजमा काम गर्दै आउने क्रममा म अहिले चेन्नै पश्चिम नगर समितिको अध्यक्ष पदमा कार्यरत छु । म दक्षिण भारत क्षेत्रीय समितिको सदस्य र केन्द्रीय समितिको पनि पूर्ण सदस्यमा रहेर काम गर्दै आएको छु । चेन्नै पश्चिम नगर समितिमा करिव ४०० सदस्य संख्या छ । ७ वटा एरिया समितिहरू छन् । समय समयमा साँस्कृतिक कार्यक्रम, खेलकुद, हाजिर जवाफ र चाड पर्व प्रगतिशील ढंगबाट मनाउने जस्ता कार्यक्रमको पनि आयोजना गरिन्छ । अब निकट भविष्यमै नगर र क्षेत्रीय सम्मेलन गर्ने तयारीमा छौं ।

अखिल भारत नेपाली एकता समाजले भारत प्रवासमा रहेका सबै प्रकारका समस्या समाधान गर्न हमेसा अग्रपंक्तिमा रहेर काम गर्दै आएको छ । भारतमा नेपाली मजदूर, विद्यार्थी र विरामी भएर उपचारको लागि आउने नेपालीहरूका समस्याहरू अलि बढेर गएका छन् । अहिले खास गरी भारतमा आधार कार्ड, राशन कार्ड लगायत अन्य समस्याहरू पनि छन् । आधार कार्ड सबै विषयमा अनिवार्य बनाउनाले समस्या देखिएको छ । बैंक खाता खोल्न, पैसा पठाउन, मोवाइलको सिम निकाल्न, हस्पिटलमा अडमिशन हुन, प्लेन र ट्रेनका टिकेट लिन, ग्याँस बुक गर्न, स्कूल कलेजमा अडमिशन गर्न, दुर्घटना भएको खण्डमा पुलिस प्रशासन एवं कोर्टमा रिपोर्ट वा केश दायर गर्न, जन्म र मृत्यु दर्ता गर्न, जागिर लगाउन देखि पिएफ लगायत सर्भीसको पैसा निकासा गर्न आधार कार्ड अनिवार्य गरिएको छ । शुरू शुरूमा त आधार कार्ड सजिलै बन्थ्यो तर अहिले ४/५ हजार दिदा पनि कार्ड नवनेर धेरै नेपाली मजदूरहरू परेशान हुन परेको छ । कतिपय नेपालीहरूले चोरी गर्ने, हत्या हिंसा जस्ता अपराधिक कार्यमा सम्लग्न हुनाले निर्दोष नेपालीहरूलाई प्रशासनले आईडी देखाउ भनेर परेशान गरी सामान्य जीवनयापन गर्न कष्टकर हुदै गएको छ। यी भए प्रशासनिक एवं कानुनी कुरा यी वाहेक पनि कैयन अन्य समस्याहरू पनि छन। नेपाल भारत आउदा जाँदा बडरमा लुटपाटको समस्या, हराएका, अलपत्र परेका, आत्महत्या, विरामी, दुर्घटनामा परेका, वेरोजगारी, बेखर्ची, पारिवारिक समस्या लगायतका कैयौं समस्याहरू छन् । ती सबै प्रकारका समस्या समाधान गर्न हामी र हाम्रो संगठन हमेसा कटिवद्ध रहँदै आएको छ ।

प्रवासमा रहेका नेपालीहरूको समास्या समाधान गर्न पहिलो कुरा त अखिल भारत नेपाली एकता समाजको सदस्य बनेर संगठित हुनु पर्दछ भन्ने लाग्छ। संगठित भए पछि सबै कुरामा चनाखो हुनुका साथै अनुशासित पनि बनिन्छ । हामी र हाम्रो संगठनले पनि जनताका जल्दा वल्दा समस्या समाधान गर्न हर सम्भव प्रयत्न गर्दै आएका छौं । आधार कर्ड बनाउन, स्कूल कलेजमा अडमिसन गराउन, असहाय विरामीलाइ आर्थिक सहयोग गर्न, उपचार नपाएकालाई हस्पिटलमा अडमिसन गराउन, सिमानामा हुने अन्याय, अत्याचारको लागि ज्ञापन पत्र दिन, मोर भाग हुदा सहयोग गर्न र नेपाली माथि हुने प्रशासनिक समस्या समाधान गर्न प्रशासन सँग भेटघाट गर्ने जस्ता उपायहरू छन। हामीले संगठित नेपालीहरूलाइ समाजको आईडी कार्ड वितरण गरेका छौं । खानपानमा सावधानी बरतन, विमा र मेडीकल ईन्सुरेन्स बनाउन समेत आग्रह गर्दै आएका छौं ।

संगठनमा काम गर्दै गर्दा मलाइ दुख्खको पल भनेको एकातिर भारतमा नेपालीहरूले दुख्ख पाएको देख्दा र अर्को तर्फ पार्टी संगठन विभिन्न वहानामा खिचलो झिकेर विभाजीत हुने गर्छ । जसले संगै काम गरेका साथीहरूसँग छुट्टिन पर्दा दुःख लाग्छ । मेरो खुसीको पल भनेको मूल प्रबाहसँग फूट भए पछि हामीले २०२२ मा हाम्रो प्यारो संगठन अखिल भारत नेपाली एकता समाजलाइ पुनस्थापन गर्न सफल भयौ त्यो मेरो लागि अतिनै खुसीको पल महसुस भएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालीहरूलाई आधार कार्ड नभए देश निकाला गर्ने भन्ने त्यस प्रकारको आधिकारिक निर्णय गरेका छैनन। स्थानीय सरकाले कतिपय स्थानमा नेपाली नागरिकता र आधार कार्ड एउटै व्यक्ति संग हुनुहुदैन यो डवल सिटिजनसिप हो भन्ने खालका गलत अफवाह फैलाएर लुटपाट गर्ने, धम्की दिने धरपकट गर्ने, नागरिकता खोसेर लाने जस्ता काम पनि गरे तर भारत सरकारले आधार कार्ड भनेको भारतको नागरिकता हैन । यो बाँच्नको लागि आधारभूत अधिकार प्राप्त गर्ने कार्ड हो भनेर पुन प्रेस कन्फेरेन्स गरेको छ । आधार कार्डको पछि पट्टी ब्मजबच ऋबचम ष्क लयत ल्बतष्यलर्बा क्षमभलतष्तथ भनेर लेखेको पनि छ । तर स्थानीय सरकाले निर्दोष नेपालीहरूलाइ धरपकड गर्ने र तर्साउने काम गर्छन। खास गरी नेपाली हुनका लागि नेपाली नगारिकता र भारतमा कार्यरत छ भन्नका लागि आधार कार्ड हुन जरूरी छ । यो दुवै कार्ड संगै राखेर कुनै असर पर्दैन । अखिल भारत नेपाली एकता समाजले जनता समक्ष यस्ता भ्रमित कुराहरूलाइ स्पष्ट पार्दै आएको छ ।

हालै नेपालमा जेनजी पुस्ताले सरकारद्वारा प्रतिबन्धित सोशल मेडीयाको पुर्नस्थापना र भ्रष्टचारको विषयलाई लिएर सरकारका विरूद्ध दिनांक ८ र ९ सेप्टेम्बर २०२५ का दिन जुन आन्दोलन गरिएको थियो उक्त आन्दोलनलाई सरकारले गोली प्राहार गरी करीव ५१ जना मासूम विद्यार्थीहरूलाई कत्लेआम गर्ने काम गऱ्यो । त्यसले शान्तिपूर्ण चलेको आन्दोलनलाई हिंसात्मक आन्दोलनमा परिणत गर्न आगोमा घ्यु थप्ने काम गऱ्यो । जसको परिणाम स्वरूप ९ सेप्टेम्बरका दिन विजुलीको गतिमा जेनजीले नेपाल कब्जा गर्ने काम भयो । जुन घटना घटेको छ त्यो आमूल परिवर्तका हिसावले ठीक छ । अर्को प्रकारले आन्दोलनमा भएको देशी विदेशी घुसपैठका कारण राष्ट्रिय सम्पति जलाएर खरानी पारियो । लूटपाट गरियो । जेलबाट कैदिहरू छोडियो यस प्रकारका कार्यलाई रोक्न नेपाली सेना मुकदर्शक बनेर बसी रहयो यो चाहि गलत भएको छ । जेनजीहरू एक आपसमा नलडेर एकजुट भएर आमूल परिवर्तनको लागि अगाडि बढ्यो भने त्यो सकरात्मक कदम हुनेछ ।

मैले सानोतिनो जागिर गर्दै छु । त्यही जागीर पनि नेपालमा पाइदैन। अखिल भारत नेपाली एकता समाजमा रहेर भारतस्थित नेपालीहरूको सेवा गर्दै बालबच्चा पढाउनु पऱ्यो । पढाई पुरा भए पछि स्वदेश फर्कनु पर्ला भन्ने सोचेको छु । अर्को कुरा जनताको हक अधिकारको पक्षमा हमेसा आवाज वुलन्द गर्ने विचारमूलक हाँक साप्ताहिकले मलाइ आफ्ना भनाइहरू राख्न दिएकोमा आभारी छु र धन्यवाद दिन चाहान्छु । अझै हाँक पत्रिकाले दुखी गरिवका आवाज बुलन्द गर्न सक्षम बनोस् , हमेसा प्रथम श्रेणीमा रही रहोस भन्ने शुभकामना दिन चाहन्छु ।

# विश्वप्रसिद्ध क्रान्तिकारी उपन्यास 'युवाहरूको गीत'



● नारायण गिरी ●

**युवाहरूको गीत एक चर्चित क्रान्तिकारी युवा-विद्यार्थीहरूको वीरताको गाथा हो । यसमा एक युवती लिन ताओचिङको व्यक्तिगत संघर्ष र क्रान्तिकारी जीवनलाई दर्शाइएको छ । यो उपन्यासमा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक चिनियाँ समाजको मुक्तिको लागि अजेय उत्साह र अत्याधिक बलिदानीपूर्ण संकल्पसहित संघर्षरत युवा-विद्यार्थीहरूको वीरगाथको अन्यन्तै सजीव, प्रेरणादायी र रोचक वर्णन गरिएको छ । यो उपन्यास क्रान्तिकारी संघर्षहरूको विवरण मात्र नभएर क्रान्तिकारी संघर्षको राजनीति, क्रान्तिको दिशा, सही रणनीति र त्यसानुसार सही रणकौशलको सैद्धान्तिक विवेचना तथा तिनीहरूको व्यावहारिक प्रयोगको एक अमूल्य दस्तावेज नै हो ।**

युवाहरूको गीत चीनकी क्रान्तिकारी एवं सिर्जनशील लेखिका याङ मो (१९१४ अगस्त २५ - १९९५ डिसेम्बर ११) द्वारा लिखित एक विश्वप्रसिद्ध उपन्यास हो । याङ मोको जन्म बेइजिङमा भएको थियो तर उनको पुर्ख्यौली घर हुनान प्रान्तमा थियो । उनको लेखन चिनियाँ कम्युनिष्ट क्रान्ति, नारीवाद र समाजवादी यथार्थवादबाट गहनतापूर्वक प्रभावित भएको देखिन्छ । उनको मुख्य नाम यांग चेंगयी थियो र उनी जिओ हुई उपनाले चिनिन्थिन् । यांगको बालककाल आर्थिक संकट र पारिवारिक कलहमा बितेको थियो । उनी १३ वर्षको उमेरमा बेइजिङको बाहिरी क्षेत्र पश्चिम पहाडी भागमा एउटा केटीहरूको स्कूलमा भर्ना भएकी थिइन् । तर उनको परिरवारलाई परिस्थितिले साथ नदिएपछि उनले स्कूल छोडेर जीविकाको लागि काममा जान विवश हुनुपरेको थियो । शुरूमा उनी हेबेई प्रान्तको डिंगजियानमा एउटा प्राथमिक विद्यालयको शिक्षिका बनिन् । पछि पुस्तक पशलमा पनि काम गरिन् । त्यसपछि बेइजिङमा एक निजी शिक्षिका बनिन् । यही क्रममा उनी कम्युनिष्ट विचारधाराबाट प्रभावित भइन् ।


सन् १९३४ बाट उनले लेखन कार्य शुरू गरेकी थिइन् । त्यही वर्ष उनले आफ्नो निबन्ध 'रेहे प्रान्तको पहाडी इलाकाका निवासीहरूको एक रेखाचित्र' प्रकाशित गरिन् । सन् १९३७ मा जापानको विरूद्धमा प्रतिरोध युद्ध शुरू भएपछि उनी शांक्सी चाहर हेबेई सीमाक्षेत्र गइन् । त्यहाँ उनी अंगुओ काउन्टीमा राष्ट्रिय मुक्ति महिला संघको निर्देशक बनिन् र यसको साथै केन्द्रीय हेबेई क्षेत्रमा राष्ट्रिय मुक्तिको लागि महिला संघको सूचना ब्यूरोको निर्देशक पनि बनिन् । सन् १९४२ मा उनी 'डन लाइट डेली' को सम्पादक बनिन् र पछि शांक्सी-चाहर-हेबेई डेली र पिपुल्स डेलीमा काम गरिन् । कहिलेकाहीँ उनले यी पत्रिकाहारूको पुरकको कार्यभार पनि सम्हालिन्। उनले सन् १९४९ मा लेखेको उपन्यास 'लाइफ अन द रिडी लेक' प्रतिरोध युद्धको एक यथार्थवादी अभिलेख हो । सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनापछि यांगले बेइजिङ महिला संघको सूचना विभागमा काम गरिन् । सन् १९५२ मा उनले केन्द्रीय चलचित्र प्रशासनिक ब्यूरोको परिदृश्य बोर्डमा काम गरिन् । यसपछि उनले विभिन्न पत्रिकाको सम्पादकको जिम्मेवारी पनि सम्हालिन् ।

सन् १९५८ मा प्रकाशित उनको उपन्यास 'द सङ अफ युथ' (युवाहरूको गीत) ले सम्पूर्ण चीनमा पाठकहरूको बीचमा हंगामा मच्चायो र सर्वाधिक विक्रीको सूचीमा पुग्यो । यसले चिनियाँ युवाहरूलाई क्रान्तिको लागि प्रेरित गऱ्यो । स्वतन्त्र र स्पष्ट शैलीमा लेखिएको यो कृतिले सन् १९३१ को डिसेम्बरको घटनादेखि लिएर १९३५ को डिसेम्बरको आन्दोलनसम्मको महत्त्वपूर्ण समयक्रममा चीनको कम्युनिष्ट पार्टीको नेतृत्वमा देशभक्त युवा-विद्यार्थीहरूको कठिन जीवन र निरन्तर संघर्षलाई दर्शाउँदछ । सन १९८० को दशकमा उनले आत्मकथा 'फ्लावर अफ लाइफ' लेखिन्, जसमा उनले आफ्ना संघर्षहरूलाई उजागर गरिन् । सन् १९८५ मा प्रकाशित उनको दोस्रो उपन्यास 'द बेस्ट सङ इन हर प्राइम' मा विश्विविद्यालयमा मानसिक पीडाबाट पीडित भएपछि जापान र मुक्ति युद्धमा स्वयंलाई झोकिदिने एक छात्राको बारेमा उल्लेख गरिएको छ । यांग मोका अन्य प्रमुख कृतिहरूमा 'टिनेन्ट' (१९६३), 'माई फिजिसियन' (१९६४), 'द रेड मर्निङस्टार लिली' (१९६४) हुन् । उनका धेरै लघुकथा र निबन्ध पनि प्रकाशित भए, जसमा नारीवाद, समाजवाद र देशभक्तिको विषयलाई समेटिएको छ । यांगले चिनियाँ युवा र महिलाहरूको संघर्षलाई आफ्ना रचनामा प्रमुख स्थान दिएकी छिन् । उनको लेखनलाई चिनियाँ इतिहास र समाजको दर्पण मानिन्छ । युवाहरूको गीत उपन्यासलाई आज पनि साहित्यको एक प्रमुख कृति मानिन्छ ।

युवाहरूको गीत एक चर्चित क्रान्तिकारी युवा-विद्यार्थीहरूको वीरताको गाथा हो । यसमा एक युवती लिन ताओचिङको व्यक्तिगत संघर्ष र क्रान्तिकारी जीवनलाई दर्शाइएको छ । यो उपन्यासमा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक चिनियाँ समाजको मुक्तिको लागि अजेय उत्साह र अत्याधिक बलिदानीपूर्ण संकल्पसहित संघर्षरत युवा-विद्यार्थीहरूको वीरगाथको अन्यन्तै सजीव, प्रेरणादायी र रोचक वर्णन गरिएको छ । यो उपन्यास क्रान्तिकारी संघर्षहरूको विवरण मात्र नभएर क्रान्तिकारी संघर्षको राजनीति, क्रान्तिको दिशा, सही रणनीति र त्यसानुसार सही रणकौशलको सैद्धान्तिक विवेचना तथा तिनीहरूको व्यावहारिक प्रयोगको एक अमूल्य दस्तावेज नै हो । यसले चीन निर्माणको कथा बताउँछ । चीनको विगतको भयंकर संघर्षको कथा बताउँछ । युवाहरूको गीतमा समाजको क्रान्तिकारी परिवर्तनको एक सुनिश्चत र उद्देश्यपूर्ण विचारधाराले लैस युवाहरूको कथा छ । उनीहरूको जीवनको एक-एक क्षणले, उनीहरूको रगतको एक-एक थोपाले क्रान्तिकारी चेतना अन्तर्गत आफ्नो महान लक्ष्यको दिशामा सार्थक योगदान गर्दछ । यो उपन्यासको सबभन्दा महत्त्वपूर्ण पक्ष एक युवक वा युवती क्रान्तिकारी जीवनको अग्निदीक्षा कसरी हुन्छन् भन्ने हो।

युवाहरूको गीत उपन्यासमा विद्रोह, राजनीतिक जागृति, क्रान्तिमा समर्पण जस्ता विषयहरूलाई समेटिएको छ । यसरी नै यहाँ नारीवाद र सामाजिक बन्धनबाट मुक्ति, सामाजिक हितार्थ जीवन वा क्रान्तिको यात्रा, राष्ट्रवाद, त्याग, साहस, सौर्य, प्रेम, आदि विषयको बडो रोचक ढंगले उल्लेख गरिएको छ । यो उपन्यास सामाजिक यथार्थवादी र भावनात्मक शैलीमा लेखिएको छ । यसमा पात्रहरूको मनोवैज्ञानिक विकासलाई धेरै गहिराईपूर्वक देखाइएको छ । यो उपन्यासले चिनियाँ युवाहरूमा देशभक्ति र सामाजिक जिम्मेवारीको भावना जागृत गरानुका साथै महिला सशक्तीकरणमा पनि महत्त्वपूर्ण योगदान दिएको थियो । त्यसकारण युवाहरूको गीत उपन्यासलाई इतिहासको दस्तावेजसमेत मान्ने गरिन्छ । यसले युवहरूको ऊर्जा, महिलाहरूको संघर्ष र क्रान्तिको सपनालाई दर्शाउँछ ।

उपन्यासमा लिन ताओचिङ शुरुमा एक परम्परावादी र दमनकारी परिवारबाट विद्रोह गरेर आत्मनिर्भर हुने प्रयास गर्छिन् । उनी विस्तारै कम्युनिष्ट विचारधाराबाट प्रभावित हुन्छिन् र राष्ट्रिय संघर्षमा सामेल हुन्छिन् । उनको यात्रा व्यक्तिगत मुक्तिबाट सामूहिक क्रान्तितर्फ अगाडि बढ्छ । यहाँ ताओचिङले महिला मुक्तिको पनि प्रतिनिधित्व गर्छिन् । उनी पुरुषप्रधान समाजको बन्धलाई तोडेर शिक्षा, राजनीति र युद्धमा सक्रिय भूमिका निभाउँछिन् । यो उपन्यासमा लू चियाचुआन र चियाङ हुआ जस्ता पुरुष क्रान्तिकारीहरूसँग उनको सम्बन्ध र समानताको भावना पनि दर्शाइएको छ । यो उपन्यासमा जापानी साम्राज्यवादी आक्रमणको विरोध र कम्युनिष्टहरूको प्रतिरोध आन्दोलनलाई प्रमुख रूपमा देखाइएको छ ।




***उपन्यासको सम्पूर्ण कथा संक्षिप्तमा***

बीसौं शताब्दीको चौथो दशक चीनको लागि एक भयंकर समय थियो । देश निराशापूर्ण राष्ट्रिय संकटले घेरिएको थियो र छटपटाइरहेको थियो । एकातिर जापानी साम्राज्यवादी आक्रमणकारी चीनको उत्तर-पूर्वी प्रान्तहरूमा कब्जा गरेर तीव्रतापूर्वक चीनभित्र पस्दै आइरहेको थियो; अर्कोतिर सत्तासीन क्वोमिन्ताङ सरकारले च्याङ काइशेको नेतृत्वमा अप्रतिरोध र आत्मसमर्पणको नीति अपनाउँदै विभिन्न अपमानजनक सम्झौतामा हस्ताक्षर गरी चीनका धेरै प्रान्तमा जापानको सम्प्रभुता स्वीकारेको थियो । यतिमात्र होइन, च्याङ काइशेक सरकारले जापानी साम्राज्यवादी आक्रमणको प्रतिरोध युद्ध गरिरहेका लाल सेना र कम्युनिष्ट पार्टीको नेतृत्वमा संघर्ष गरिरहेका क्रान्तिकारी कार्यकर्ताहरू तथा देशप्रेमी युवाहरूलाई निर्दयितापूर्वक दमन र हत्या गरिरहेको थियो ।

सन् १९३५ को चीसो मौसममा जापानी साम्राज्यवादीहरूले चीनको होपेई र चाहार प्रान्तमा आफ्नो कठपुतली सरकार गठन गरेपछि र यसरी सम्पूर्ण उत्तरी चीनमा खतरा पैदा भएपछि पेइपिङका युवा-विद्यार्थीहरूले देशका जनतालाई 'चिनियाँ जनताहरू देशको रक्षाको लागि उभियौं !' भन्ने नारासहित आव्हान गरे र ९ डिसेम्बरदेखि चिनियाँ जनताले जापानी आक्रमण र प्रतिक्रियावादी क्वोमिन्ताङ सरकारको अप्रतिरोधको नीतिको विरोधमा शानदार शुरूवात गरे। यिनै घटनालाई युवाहरूको गीत उपन्यासको पृष्ठभूमिमा उल्लेख गरिएको छ । यसपछि धेरै संख्यामा वीर युवक-युवतिहरू मेशिनगन, संगीन, क्रूर यातना, लामो जेल सजाय र मृत्युदण्डसमेतको बेवास्ता गर्दै शत्रुहरूको विरूद्धमा भयंकर संघर्षमा हाम फाले । यो संघर्षमा वीरतापूर्ण ढंगले युवाहरूले मुस्कुराउँदै प्राण उत्सर्ग गरे । सबै जनतालाई के विश्वास थियो भने एक दिन अवश्य आफ्नो देशले साम्राज्यवादीहरूलाई मात्र परास्त गर्दैन, बरू सामन्ती शोषण र उत्पीडनको पनि अन्त्य गर्नेछ र एक नयाँ समाजको उदय हुनेछ, जसको रक्तकिरणले समाजवादी समाज निर्माणको मार्गप्रस्त गर्नेछ।

युवाहरूकाे गीतको मुख्य पात्र लिन ताओ-चिङले एक पिछडिएको अर्धसामन्थी-अर्धऔपनिवेशिकसमाजको क्रूरता र अमानवीयताको संघर्षमा दृढतापूर्वक लागिरहेकी एक युवा बुद्धिजीवीको *बाँकी ४ पेजमा*

## ❑ यो साता कविता

## उठ युवायुवती, जाग युवायुवती

❑ जेसी सिंजालि सुर्य थापा



*न्यायको खातिर लड्दा ज्यानै मार्ने सरकार छ यहाँ*
*नदिन छ गाँस नदिन बाँस*
*छैनन् यहाँ न्यायको नजर कोहीलाई छ यहाँ चाहिन*
*कोही छन् यहाँ भोकभोकै कसलाई के थाहा*
*भोककोलागि उठ्दा बन्दुकको आहार बन्छु भनी*
*कसले सोचेका थियौं यहाँ*
*देशका सपुतको रक्तामै भै पोखरी बन्नेछ भनी*
*आखिर ढाली छाड्यो नालायक सरकारले गोलीको निसाना बनाई*
*जति बेला पनि उठ्ने गरिबका छोराछोरी यात युद्धकाल होस्*
*यात जनताको आन्दोलन पटकपटक मरेका छन्*
*यहाँ दुःखी गरिखाने गरिबका छोरा छोरी*
*देशको निम्ति जनताको निम्ति सधैं हासेर मर्ने यहाँ के गरिबकै छोराछोरी हुन् ?*
*अब यहाँ सल्लाह गरेर होइन वास्तविकतालाई बुझेर*
*युवा युवती उठ्नु पर्ने बेला आयो त्यसो भएको हुदा*
*उठ युवायुवती जागा युवायुवती हुन्न चुपचाप बसेर गर्ज युवायुवती*
*यहाँ हामी थोरै भयौं अब फर्क युवा युवती*
*दमनको सिमाना माथि धेरै पुगिसकेको छ यहाँ*
*हामी युवा युवती जहाँबाट हुन्छ जागौं*
*यदि यस्तै अवस्थामा छोडेर हिड्ने हो भने हामी झनै हेपिने छौं*
*यहाँ मारिने छौं*
*यहाँ पटकपटक आमाको कोख रित्तिनु बाहेक अरू केही हुने छैनन्*
*यहाँ सर्मिन्दाहरुले शिर उठाई रहनेछ*
*यहाँ त्यसकारण जहाँ भए पनि युवा युवती जुट्ने दिन आएको छ*
*यहाँ कोख रित्तिएका आमाहरुको अपिल छ*
*फर्क युवा युवती रगतको बदला रगतले मेटाउनु छ यहाँ ।*
*यहाँ धेरै युवा युवतीको चिहान भएको छ*
*अब पनि जनताको मनमा*
*नयाँ पुस्ताको आवाजलाई सक्रियता साथ अघि बढाउने आसा मेटिएको छ*
*यहाँ त्यसकारण उठ युवा युवती जाग युवा युवती*
*मुक्तिको लागि एक जुट भै उठ देश सारा तिमीहरुको हो र*
*हाम्रो पनि हो अब भ्रष्टाचारीहरुको दिन बितिसकेको छ*
*यहाँ हामी एक भएमात्र पुग्नेछ यो समाजको काँचुली फेर्न*
*जाग हे युवा युवती देशको लागि उठेका युवा युवती*
*अब राष्ट्र र राज्यसत्ता परिवर्तनको लागि सही मार्गदर्शनको आवश्यकता छ*
*यहाँ भ्रष्टाचारीको होइन*
*नयाँ पुस्ताले खोजेको यहीं हो।*

## सत्ता बदलिएपछि धेरै थोक बदलिन्छ

❑ सुमिना



*सत्ता बदलिएपछि मालिक बदलिँदो रहेछ*
*मालिक बदलिएपछि*
*मालिकका बफादार फेरिँदा रैछन्*
*बफादारहरू बदलिएसँगै म बदलिएँ मालिक*
*मेरो बफादारिता तपाईंको शरणमा अर्पण गर्दै*
*म घोषणा गर्छु –*
*म बदलिएँ मालिक ।*

*बुद्धिजीवी सत्ताका प्रतिपक्षी हुन्छन्*
*फेल भइसकेको छ नोम चोम्स्किको 'फिलोसफी'*
*बदलिसक्यो बर्तोल ब्रेख्तले भन्ने*
*'सत्य' खोज्ने लेखकको परिभाषा ।*

*आखिर कसलाई हुँदैन सत्ताको लोभ*
*शक्तिको लालच*
*मालिक*
*निकै मोहित हुन्छ शक्तिको सम्मोहन*
*शक्ति हजुरकै हातमा, सत्ता हजुरकै हातमा*
*जसको शक्ति उसकै भक्ति*
*म सम्मोहित छु तपाईंकै भक्तिमा*
*म बदलिएँ मालिक*

*हेर्नोस् त मालिक*
*पात पतिङ्गर सबै बतासको दिशासँगै उड्दछन्*
*हाँगाबिँगा लहरा सबै बतासको लयसँगै झुक्दछन्*
*म किन उड्न खोजूँ फरक दिशामा*
*भुमरीमा अल्झिरहेको पतिङ्गर जसरी*
*छिन्नभिन्न बनाइन सक्छु कुनै पनि बखत*
*मलाई लिनु छैन यस्तो घनघोर चुनौती*
*मालिक*
*सत्ता बदलिएपछि धेरै थोक बदलिन्छ*
*म बदलिएँ मालिक ।*

*सहज हुन्छ पानीको बहावसँगै तैरनु*
*हावाको वेगसँगै बहनु*
*नदीको लयसँगै बग्नु*
*अँध्यारोमा अँध्यारै बनेर घुस्नु*
*बतासको तालमा ताल मिलाउनु*
*निकै कठिन पो हुन्छ*
*छालसँग मुकाबिला गर्नु*
*निकै सकस पो हुन्छ हावासँग पौठेजोरी खेल्नु*
*निकै जटिल पो हुन्छ अँध्यारोसँग भिडन्त गर्नु*

*बगरमा टुक्रिएको ढुङ्गा जसरी*
*कुनै पनि बेला बनाइन सक्छु टुक्रा टुक्रा*
*हुत्याइन सक्छु मजधारबाट किनारमा*
*बोटबाट हाँगा लाछिए जसरी*
*कुनै पनि बेला लाछिएर बजारिन सक्छु जमिनमा*
*मलाई गर्नु छैन यस्तो भीषण सङ्घर्ष*
*मलाई गर्नु छैन अब अँध्यारोसँग बगावत*
*मालिक सत्ता बदलिएपछि धेरै थोक बदलिन्छ*
*म बदलिएँ मालिक ।*

*मालिक*
*कोही बस्दैन कुरेर खरानी हेर्दै निभेको अगेनो*
*सबैले ताप्नु छ बलेकै आगो*
*जसको राप उसको ताप*
*राप तपाईंकै ताप तपाईंकै*
*म बदलिएँ मालिक*

*हो मालिक*
*सत्ता बदलिएपछि धेरै थोक बदलिँदो रहेछ*
*बुद्धिजीवीको विवेक बदलिँदो रहेछ*
*न्यायका पक्षधरहरूको न्याय बदलिँदो रहेछ*
*मिडियाको विषय बदलिँदो रहेछ*
*अडान बदलिँदो रहेछ*
*आलोचकहरूको चेत बदलिँदो रहेछ*
*कविको कविता बदलिँदो रहेछ*
*बागीहरूको बगावत बदलिँदो रहेछ*
*अवसरवादीहरूको चाप्लुसी बदलिँदो रहेछ*
*लालचीहरूको अपेक्षा बदलिँदो रहेछ*
*हो, सत्ता बदलिएपछि धेरै थोक बदलिँदो रहेछ*
*म बदलिएँ मालिक ।*

*मेरो इमान जमान, मान सम्मान सबै तपाईंकै नाम*
*मेरो कला, सीप, शिल्प, सौन्दर्यचेत सबै तपाईंको नाम*
*मेरो बुद्धि विवेक ज्ञान सबै तपाईंकै नाम*
*मैले आर्जेको दर्शन सबै तपाईंकै शरण*
*मेरो बगावत सबै तपाईंकै हरण*
*सत्ता बदलिएपछि धेरै थोक बदलिन्छ*
*म बदलिएँ मालिक*
*न प्रश्न न छन् आलोचना*
*न सन्देह न संशय*
*न छ कुनै बगावत न विद्रोह*
*नपत्याए परीक्षण गरिहेर्नोस्*
*म बदलिएँ मालिक*
*सत्ता बदलिएपछि धेरै थोक बदलिन्छ*
*म साँच्चै बदलिएँ मालिक ।*

## नक्कली...

आयोजना गरिएको भनिएको थियो । यो आन्दोलनमा सबै सबै प्रयोग हुन पुगेका छन् । यो आन्दोलनमा नेपाललाई असफल सावित गर्न खोजिएको छ सबै संरचनाहरू डढाइएको छ । डढाउने मात्रै कुरा रहेन सबै स्थानमा सक्दो लुटपाट भएको छ ।

लुटपाटमा संलग्नहरूको सामाजिक संजालमा देखिएका भिडियोहरू देख्दा सबै उमेर समुहका मान्छेहरू लुटपाटमा संलग्न भएका देखिएका छन् । लुटपाट के निजी,के सरकारी के उद्योग करकारखाना सबैमा लुटपाट र आगजनी भएको छ ।

आन्दोलन सकिएपछि अन्तरिम सरकार बनेपछि र कार्यालयहरूले लुटपाट गरिएका सामानहरू फिर्ता गर्न भन्दै विज्ञप्ति नै जारी पनि गरेका छन् । साना साना सामानहरूदेखि लिएर सवारी साधन,अफिसका इलेक्ट्रोनिक साधनहरू जस्तै :ल्यापटप,कम्प्युटर देखि लिएर सबै सबै लुटपाट भएका छन् । बैंकहरूबाट नगद, सुन लुटिएको छ । तराइँतिरको भिडियो आएको थियो - मिलमा राखिएको चामल,दाल सबै सबै लुट्न जनताहरू नै गाउँबाट आएर बोराका बोरा बोकेर गएका थिए । लुट्ने अनि आगलागी गर्ने भरसक सबै डढाएर खरानी पारिदिने ।

यो किसिमको दृश्य र भोगाइले अबका नयाँ पुस्ता भनिएकाहरूमा विश्वासको वातावरण भनै खस्किएको छ ।आन्दोलनको क्रममा “युवाहरूले.....चोर, देश छोड” भन्दै नाराबाजी गरे । आन्दोलनमा लगाइएको यो नाराले चोर्नुहुने रहेनछ भन्ने सन्देश दिन खोजेको होला तर आफैले चोरेर,आफै नै चोरीमा संलग्न हुन भनेको त थिएन होला तर चोरी आगजनी भयो । चोरी पनि केही स्थानमा होइन सबै स्थानमा पसल ,घर, बैंक, सरकारी अफिस, सबैबाट सबै सामानहरू लगिएका छन् । फुटाइएका छन् आगजनी गरिएका छन् ।

२०८१ चैत्र १५ गतेको आन्दोलनमा पनि चोरी आगजनी भएको थियो । यो एक प्रवृति थियो,भदौ २४ गते पनि सोही प्रवृति दोहोरियो ठूलो मात्रामा ।

चोरी गर्नु हुँदैन, गरेमा कारबाहीको भागीदार बन्नु पर्छ तर चोरी र लुटपाट भयो । कानुनले गर्न हुने भनिएका सबै कार्यहरू तोडफोड,आगजनी, चोरी सबै गरिएको छ । युवा विद्यार्थीहरूले यो सबै कसको निर्देशनमा गरे ? कसैले थाहा पाएनन् किनकि यसको नेता देखिएको थिएन,नीति देखिएको थिएन, खोज्दा,विधान,प्रतिवेदन केही देखिने भेटिने गरी आजको मितिसम्म छैन, कार्यालय कहाँ हो ? भेट्ने कुन तहको नेता हो ? थाहा छैन । कुनै पनि आन्दोलनमा फलानाको नेतृत्व हुन्छ,फलानाको अफिस यहाँ छ भन्ने थाहा हुन्छ । फलाना नेताको क्षमता दक्षता यति छ भनेर जनताले जाँचिरहेका हुन्छन् । जनताले मूल्याङ्कन गरेर विचार गरेर विश्वास गरेका वा नगरेका हुन्छन् तर अहिलेको जेन्जी आन्दोलन निकै रहस्यमयी रह्यो । देखाउँन नेता छैन । एकले म हुँ भन्छ,अर्कोले महुँ भन्छ, अर्कोले हैन भन्छ । आफैमा कुटाकुट भागाभाग छ,“जंगललाई देखेर बाघ डराउने,बाघलाई देखेर जंगल डराउने”भनेभैं आपसमै मारामार,आपस मै नेतृत्वको दावी तर खास नेतृत्व कोहो अझैसम्म कसैले चिनेको जस्तो छैन । आफ्नो साँच्चिकै नेता भए त चिन्नु पर्ने । मुख देखाउनु पर्ने,जनविश्वास आर्जन गर्न लाग्नु पर्ने तर त्यो केही पनि छैन । असली जेन्जी को हो ? कोहो? आज पनि चिन्न गाह्रो छ । जनताले कसलाई पत्याउने ? जनताले कसको कुरा मान्ने ? कार्यालय कहाँ हो थाहा छैन ।

आन्दोलनमा युवा विद्यार्थीहरू मारिए, हज्जारौं घाइते पारिए तर देशलाई राम्रोगरी थला पारिएको छ । देशमा पहिलेदेखि नै भ्रष्टाचारले थला पारेको छ । नेताहरूको अदूदर्शीताको कारण देशले जति नै गरेपनि परिवर्तनको अनुभूति गर्न सकेको छैन । अझै खरानी पारे पछि कसरी देश उठ्ला ? भन्ने चिन्ता र चासो सबैमा छ ।

अहिलेको आन्दोलन हेर्दा एक सामान्य एनजिओले पनि देशमा जे पनि गर्न सक्दो रहेछ भन्ने देखाएको छ । देशमा भएका संयन्त्रहरूले केही काम पनि गर्न नसक्ने बन्दा रहेछन् भन्ने देखाएको छ ।

आन्दोलनमा देशका सेना ,प्रहरीदेखि लिएर राज्यका संयन्त्रहरू पुरै काम लागेनन् । नत राज्यको पुरातात्विक ,ऐतिहासिक संरचनाहरू जोगाउन सके नत व्यक्तिगत सम्पत्तिको नै संरक्षण राज्यले गर्न सक्यो । राज्यको तलब खाएर बसेकाहरू ,जनताकोलागि भनेर बसेकाहरू आफ्नो मात्रै जीउ जोगाउन भागाभाग बने ।

राज्यलाई कर तिर्ने व्यवसायी,उद्योगीहरूको सम्पत्तिको संरक्षण गर्न राज्यले नसके पछि कसरी देशमा कर आउला ? कसरी कर लिने होला ?

जेन्जी आन्दोलनको परिवर्तन स्वरूप नयाँ सरकार बनेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व न्यायधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका छन् । यस पछि देशमा चुनावको घोषणा पनि गरिएको छ । फागुन २१ गतेलाई निर्वाचनको म्याद तोकिएको छ ।

जेन्जीहरूले निर्वाचनको माग जेन-जीको थिएन । नयाँ सरकार बनाउने माग पनि जेन्जीको थिएन। नयाँ सरकार बनाउने देशमा आगो लगाउने चोरी,लुटपाट सबै कसको माग हो सबैलाई बुझ्न गाह्रो परिरहेको छ । समय क्रममा त खुल्दै जाला । आन्दोलन भयो,आन्दोलनमाथि दमन भयो । दमनको प्रतिक्रियास्वरुव सबै लुटपाट,चोरी, आगजनी भयो भनेर मात्रै मूल्याङ्कन गरेमा त्यसको मूल्याङ्कन अपूरो हुन्छ ।

देशमा उथलपुल मच्चाएर फाइदा लिन चाहनेहरूले भनै हौसिने मौका पाउने छन् । यो सबै जेन-जीहरूकोलागि खुशीको कुरा हुने छैन । अहिले जेन-जी भनिएकाहरूमध्ये असली जेन-जीहरूको काँधमा नै देश चल्ने हो । यो उमेर समुह नै देशलाई अगाडि बढाउने तागत राख्छ । देशलाई कता लाने भन्ने कुरा राम्रोसँग ध्यान नदिएको खण्डमा देश कता जाने हो ? चुनाव समय मै नभएमा देशको स्थिति के हुने हो ? के कसको इशारामा आन्दोलन भएको हो ?

देश अहिले निकै अफ्ठ्यारोमा छ । देशमा जुनसुकै तरिकाबाट जे पनि गर्न सकिन्छ भन्ने खालको मनोविज्ञान विकास भएको छ ।

अहिले राजनीतिक दल र नेताहरूलाई निस्कन नदिने, उठ्न नदिने भन्ने धम्कीपूर्ण अभिव्यक्ति खुल्ला आइरहेका छन् । जनताले वर्षौंदेखि लडेर ल्याएको र संविधानले व्यवस्था गरेको नागरिक स्वतन्त्रता खोस्न खोजिएको छ ।

जेन्जी आन्दोलनको उद्देश्य यी सबै होइनन् । कुनै आगजनी गर्ने,चोरी गर्ने,लुटपाट गर्ने देशलाई खरानी बनाउने काम कुनै पनि देशको कुनै पनि उमेर समुहको व्यक्तिले गर्न सक्दैन । यसो गर्दा उसको मन दुख्नु पर्ने हो । मुख लुकाएर बस्ने र देशलाई असफल पार्न दूस्प्रयत्न गरी रमाउनेहरू कुनै पनि हालतमा देशलाई माया गर्नेहरू होइनन् । नत्र कोही पनि सबका सब जलाएर,लुटपाट गरेर, छिमेकीको घर जलाएर रमाउन सक्दैन । सबैले त्यस्ता प्रवृति र तत्वहरूलाई बेलैमा चिन्नु पर्दछ । सामाजिक संजालमा फोटो राखेको आधारमा उसले केही स्टाटसहरू राखेको आधारमा उसलाई विश्वास गरिहाल्नु र उसको पछि लागिहाल्नु भन्दा अगाडि अलिकता सोच्नु आवश्यक छ । अहिले देश निकै भयावह अवस्थामा छ ।जतिबेला जे पनि हुन सक्छ ।राजनीतिक तरलता र अस्थिरताको फाइदा उठाउँदै विदेशी शक्तिकेन्द्रहरू खेल्न चाहिरहेका छन् । यो अवस्थामा कसले के बोलिरहेको छ ? कसले के भन्न चाहिरहेको र गर्न चाहिरहेको छ ? राम्रोसँग बुझ्नु पर्ने आवश्यकता छ । सक्कली जेन-जी र नक्कली नकावधारी जेन-जी को हो सबैले चिन्नु पर्दछ ।

## भारतको...

सीआरपीएफका जवानसहित ७० जना घाइते भएको भारतीय संचार माध्यमहरूले जनाएका छन् । प्रदर्शनकारीहरूले दलको कार्यालयलाई पनि निशासा बनाएका छन् । प्रदर्शनकारीले लद्दाखमा रहेको भारतीय जनता पार्टीको कार्यालयमा पनि आगजनी गर्नुका साथै सवारी साधनहरूमा आगजनी गरेका छन् । अहिले सरकारले कर्फ्यु आदेश जारी गरेको छ । पाँच जना भन्दा बढि हिड्न नदिएको बताइएको छ । लद्दाखमा २०२१ ,०२३ मा पनि आन्दोलन भएको थियो । नेपालपछि भारतमा पनि आन्दोलन चर्किन थालेको सामाजिक संजालहरूमा आएका छन् ।

## माटो....

“पवनी (पर्व)लाई हामीले साँचेर राखेको केही हुँदैन । दैनिक काम गरेर आउने रकमले जीविकोपार्जन भइरहेको छ”, उनले भनिन्, “हाम्रा लागि पवनीभित्रै अवसर आउँछन्, अहिले माटो बेचेर दशहरा मेलाका लागि खर्च बनाउँदैछौँ ।” दशहरा खाने, पिउने, रमाइलो गर्ने पर्व भएकाले यसका लागि बढी खर्चको जोहो गर्नुपर्ने उनको भनाइ छ । अहिले माटो खोज्न, खन्न र ओसार्न बस्तीबस्तीबाट समूहमा निस्कने गरिएको उनले बताइन् ।

ग्रामीण बस्तीमा अधिकांश बाँसका चोयाको बारसहितका भित्ता भएका घर हुन्छन् । यस्ता घरका भित्ता बर्सेनि दशैं, तिहार र छठअघि माटोले पोतेर रङ्ग्याउने चलनले यी पर्वमा विभिन्न रङका माटोको माग बढ्छ । यसै अवसरलाई अहिले श्रमिकले अतिरिक्त नगदको जोहोमा जोड्दै छन् ।

अहिले फरकफरक रङका माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह, विभिन्न खेतका डिल, पुराना पोखरी र चुरे पहाड क्षेत्रका रातो माटोका थुम्का भएका छन् । अहिले गरेको मेहनतले आफ्नो घर पोत्न, दुर्गामेला खर्च र पवनीमा घरखर्चको व्यवस्थापन गर्न सकिने स्थानीय भुट्टी सदाले बताइन् ।

नवरात्रको आज चौथो दिनसम्ममा भङ्गाहा-६ की पुर्नी महराले ५ हजार रूपैयाँको माटो बेचिसकेकी छन् । अझै दुई-तीन दिन मेहनत गर्दा थप पाँच-सात हजार रूपैयाँ आम्दानी हुने जनाउँदै उनले यसले पर्व खर्चको व्यवस्थापन हुने बताइन् । “दशहरा पर्व सुरु भएसँगै गरिब बस्तीका महिलाले घर पोत्ने, रङ्ग्याउने काम पनि पाएका छन् । अरु बेलाको भन्दा अलि बढी पारिश्रमिक पाइने हुँदा श्रमिकहरूलाई यो पनि अवसर बन्ने गरेको छ”, उनले भनिन् ।

महोत्तरीका भङ्गाहा, मेघरोल, मदनपट्टी, पर्सा, धरमपुर, भीमगढ, मझौलिया, बनरा, गोरहन्ना, निगौल, बिसरपुर गौशाला रजखोरबिर्ता र धनसपुरसहितका थारु बस्तीमा अहिले माटो सङ्कलन गरी बेच्नेको व्यस्तता देखिन्छ । थारु महिला विभिन्न रङको माटोले घर पोत्न, विभिन्न रङका माटो सङ्कलन गरी बेच्न व्यस्त छन् । घरघरमा हाँस, कुखुरा र परेवा पाले पनि थारु बस्तीका घरहरू सफा चिटिक्क देखिन्छन् । घर सरसफाइ, रङरोगन र सजावटमा थारु महिला अब्बल देखिन्छन् ।

अहिले थारु महिलाको सङ्गतले अन्य समुदायका गरिब महिला पनि माटो सङ्ग्रहमा लागेका छन् । अहिले माटो जम्मा गर्नसके मेलामा रमाउन र स-साना नानीहरूको खानपिनको रहर पुऱ्याउन सहयोग पुग्ने भएकाले माटो सङ्कलनमा जुटेको स्थानीय आसवती चौधरीले बताइन् । उनका अनुसार अहिले जम्मा गरेको माटो दशैंपछिको दीपावली र छठसम्म बिक्री हुन्छ ।

मधेसका ग्रामीण बस्तीमा बाँसका कच्चीघर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने भएकाले लिपपोत गर्न माटो आवश्यक पर्ने चौधरीको भनाइ छ । प्रत्येक वर्षको दशैं, तिहार र छठमा घर पोत्ने अनिवार्य चलनले गरिब बस्तीका महिलालाई माटो बेचेर चाडपर्वको खर्च जोहो गर्ने अवसर बन्ने उनले बताइन् । पछिल्ला वर्षहरूमा बस्तीबस्तीमा पक्कीघर बन्ने थालेपछि यो कामको विकल्प खोज्ने बेला आएको श्रमिक महिला बताउँछन् ।

## जेन जेड...

खराब भए पनि उनीहरूको नीजि आवास तोड्नु गलत भएको भन्दै भष्ट्राचार बिरोधी जेनजी आन्दोलन केही बर्ष अगाडि नै हुनुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका प्रदेश सदस्य तिलक सुवेदी , नेकपा मालेका केन्द्रीय सदस्य तथा जिल्ला सचिव भरत पाण्डे,राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति महेन्द्र सिं ठकुरी, नेकपा(मसाल) जिल्ला प्रवक्ता रेम राना, नेकपा(माओवादी केन्द्र) बर्दघाट नगर अध्यक्ष तेजेन्द्र पुर्जा, विप्लव नेकपाका गणेश कुमार पाठक , राप्रपाका प्रकाश रायमाझी, राष्ट्रिय जनमुक्ति पार्टीका शेर बहादुर थापा, नेकपा मार्क्सवादी पुष्पलालका टोपेन्द्र नेपाल लगायतले जेनजी आन्दोलन र वर्तमान परिस्थितिको निकासका लागि भनाई राखेका थिए ।

कार्यक्रममा नेपाल बार एशोसिएशन नवलपरासीका अध्यक्ष रामकृष्ण पौडेल, मानव अधिकार तथा शान्ति समाजका जिल्ला सभापति शिव पौडेल, बुद्धिजीवी सोमनाथ अधिकारीले प्रस्तुत कार्यपत्र माथि टिप्पणी गरेका थिए । कार्यक्रममा बर्दघाट प्रेस क्लबका अध्यक्ष कुश्माकर ढकाल, सामाजिक अभियान्ता यमबहादुर थापा, ढुण्डीराज पोखरेलले भनाई राख्दै सुझावहरू पेश गरे ।

कार्यक्रममा ईन्सेक प्रतिनिधि नारायण पराजुली, बर्दघाट उद्योग बाणिज्य संघका अध्यक्ष लेखनाथ न्यौपाने, पारिजात सामुदायिक वन उपभोक्ता समुहका उपाध्यक्ष राज बहादुर पाण्डे, पार्टीका जिल्ला सल्लाहकार बाबुराम मुसाफिरलगायतको सहभागी थिए ।

कार्यक्रमको संचालन क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका जिल्ला कार्यालय सदस्य गणेश बहादुर ढकाल र स्वागत अर्का कार्यालय सदस्य दुर्गानारायण चौधरीको रहेको थियो ।

## गाजामा...

सुरक्षा परिषद्का केही अस्थायी सदस्य राष्ट्रहरूले गाजामा युद्धविराम कायम गर्न, बन्धकहरूको सुरक्षित रिहाइ र मानवीय सहायता सहज रूपमा प्रवेश गराउन प्रस्ताव पेश गरेका थिए । सबै सदस्य राष्ट्रले सो प्रस्तावको समर्थन गरे तापनि, संयुक्त राज्य अमेरिकाले सातौँ पटक त्यसमा भीटो प्रयोग गरी पारित हुनबाट रोक लगायो ।

रुसले आफ्नो धारणा दोहोऱ्याउँदै भन्यो कि उसले इजरायल-प्यालेस्टाइन द्वन्द्वबारे सधैँ स्पष्ट र सन्तुलित अडान लिएको छ । सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा गरिएको आक्रमणको कडा शब्दमा निन्दा गर्दै पनि रुसले उल्लेख गर्यो,“उक्त घटना कुनै पनि हालतमा सम्पूर्ण प्यालेस्टिनी जनतालाई सामूहिक रूपमा दण्ड दिने बहाना बन्नु हुँदैन, न त यसलाई प्रयोग गरेर मध्यपूर्वमा झन ठूलो युद्ध फैलाउनु उपयुक्त ठहरिन्छ ।”

रुसले जोड दिँदै स्थायी शान्ति र सुरक्षा हासिल गर्न प्यालेस्टिनी जनताको वैध अधिकार र आकांक्षाहरूको सम्मान अनिवार्य रहेको जनाएको छ । जबसम्म यो प्रश्नको न्यायसङ्गत समाधान गरिँदैन, तबसम्म क्षेत्रीय स्थायित्व सम्भव छैन ।

## सिद्धान्त...

बहुसंख्यक जनताको अधिकार खोसिएको हुन्थ्यो । सर्वत्र अल्पसंख्याको नियन्त्रण । मार्क्सवाद लेनिनवादले यो सिद्धान्त र व्यवहारको अन्तरलाई उन्निसौं शताब्दीको अन्त, बिसौं शताब्दीको पहिलो खण्डमा आएर मात्र छुटाइ दिएको हो । सिद्धात अनुरूप व्यवहार गर्दा लक्ष्यमा पुगिएकै हो ।

पूर्वी युरोपमा साम्राज्यवादी सिद्धान्तको निमित्त व्यवहार गर्ने आँट गरियो तर माथिबाट थोपरीएको वर्ग संघर्षको सिद्धान्त प्रयोग नहुँदा बीचैमा तुहियो । त्यहाँ सिद्धान्त र व्यवहारमा तालमेल हुन सकेन । ती देशको राजनैतिक आर्थिक व्यवस्थालाई जनवाद , जनगणतन्त्र भनिन्थ्यो । स्टालिनको अवसान पछि रुसमा संशोधनवादीहरू आक्रामक भए । ख्रुश्चेववादीहरूको उदयले समाजवादी सिद्धान्त पतन तिर गयो ।

सुस्त सुस्त एक पछि अर्को गरेर पूर्वी युरोपका देशहरू साम्राज्यवादी शिविरमा तानिए । रुस र पूर्वी युरोपको कम्युनिष्ट आन्दोलनको इतिहास यही हो । रुसले लिएको साम्राज्यवाद सँगको मितेरी गाठो अहिले उसैको लागि बाधक भएको छ । रुसले समाजवाद परित्याग नगरेको भए वर्तमन विश्वको अवस्थामा उज्यालोपन आउँथ्यो र रुस पनि साना ठूला देशहरूको आशाको केन्द्र हुन्थ्यो । रुसी कम्युनिष्ट पार्टीको मार्क्सवाद लेनिनवाद विरोधी धोकादारी व्यवहारले विश्व कम्युनिष्ट आन्दोलन आक्रामक अवस्थाबाट रक्षात्मक स्थितिमा पुगेको छ । अमेरिकी नेतृत्वको साम्राज्यवादी अन्य देशका आन्तरिक समस्यामा हस्तक्षेप गर्न तिनका सार्वभौम अखण्डता ,स्वाधिनताा अपहरण गर्न ती देशलाई उपनिवेश, अर्ध उपनिवेशमा परिणत गर्न प्रयत्न गरिरहेकाछन् । त्यो प्रयास असफल हुन्थ्यो , ती साम्राज्यवादी देशहरूको शक्ति धेरै कमजोर हुन्थ्यो , रुसी कम्युनिष्ट पार्टीको त्यो व्यवहारको परिणामको प्रतिकुल रह्यो । चीनमा लामो संघर्ष पछि नयाँ जनवादी जनगणतन्त्रको अठिलो सत्ता स्थापना भयो । यो क्रान्ति माले सिद्धान्तको आधारमा त्यहाँको कम्युनिष्ट पार्टी र त्यहाँका नेता माओत्सेतुङको नेतृत्वले सम्पन्न गरेको हो । एकाधिकारवादी साम्राज्यवादीहरूको व्यवहारलाई परास्त गरेको हो । कम्युनिष्ट आन्दोलनमा केही धक्का लागेपनि त्यो सिद्धान्त र व्यवहारको उचाइले साम्राज्यवादीहरूको शिर त्यति ठाडो हुन सकेको छैन । मालेमाको हतियारले विध्वंशकारीको मनपरि व्यवहारलाई रोकेको छ,उन्निस सय वर्षसम्म दासवादी सामन्ती पुँजीवादी विश्वलाई मान्छेलाई टोक्ने किटाणुबाट मूक्त गरी बहुसंख्यक मान्छे मान्छेमा भेदभाव रहित समानता , मान्छेले मान्छेलाई शोषण दमन गर्दै आएको प्रवृति अन्त्य भएको छ । समाजलाई यस्तो सैद्धान्तिक हतियार दिने व्यक्ति मार्क्स, ऐङ्गेल्स ,लेनिन, स्टालिन र माओ नै हुन् । यी शिखर व्यक्तित्व पछि सिद्धान्तमा केही कमजोरी आएको छ । मालेमा प्रति गलत व्याख्या भइरहेको छ । माओको निधन पछि चिनीया क्रान्तिले केही मोड बदलेको छ । अहिलेको वर्तमान चीनले साम्राज्यवाद विरुद्ध लड्न आँट गरिरहेको छैन । जसको लागि माओले जीवन समर्पण गरेका थिए । उसले निजी पुँजीलाई पनि आफ्नो अर्थतन्त्रमा खेल्न प्रसस्त मौका दिएको छ ।उसको नीति संघर्ष भन्दा समन्वयमा अगाडि बढेको छ । नेपाल लगायत संसारका कम्युनिष्टहरूले यो सत्य तथ्यलाई देखाएनन् भने नयाँ जनवाद ,समाजवादको व्याख्या गर्नु व्यर्थ वकवास मात्र हुने छ । पूँजीवादको शरणमा जान आत्तुरी गरेको ठहर्नेछ । सर्वहारा, किसान तथा अन्य वर्गका पनि शोषित पीडित वर्गको पार्टीभएको दावी गर्नु व्यवहारमा पुँजीवाद भक्त भएको छर्लङग देखिने छ । लेनिन र मोओको नेतृत्वमा सञ्चालित कम्युनिष्ट पार्टीहरू वाहेक अन्य देशका कम्युनिष्ट पार्टीहरू विभाजित हुँदै जानुको मतलव मार्क्सवादी,समाजवादी सिद्धान्त विमुख हुनाले मात्र हो । तर पनि विभिन्न देशमा क्रान्तिकारी पार्टीहरू गठित भएका छन् । यी फिलिङगाहरूले सम्पूर्ण जंगलमा आगो लगाउने कहिले कुन केही प्रतिक्षा गर्नै पर्छ । आगो लगाउने क्रान्तिकारीहरूले आगो निभाउने प्रतिक्रान्तिकारी विरुद्ध भयङकर युद्ध गर्नै पर्छ । चीन पनि जनमैत्री हुने हो । वर्तमान चीनको पार्टीले व्यवहारमा परिवर्तन गर्न हिचकिचाउनु हुन्न । मालेमा सिद्धान्तको बाटो परित्याग गर्नु हुन्न । सबै पीडित वर्ग र विश्व सर्वहारा वर्गको आशाको केन्द्र हुन अगाडि बढ्न पर्छ । चीनमा धेरै जस्तो नेताहरू भन्न लागेका छन् -मालेमा अब समय सुहाउने रहेन ।यसमा संशोधन गर्न पर्छ । तर त्यही चीनमा अर्कोतिर मालेमाहरू दिन प्रतिदिन बढ्दै छन् ।

मालेमा कम्युनिष्ट नेपालमा पनि जन्म्यो । संस्थापक नेता पुस्पलाल थिए । देशभर यसको प्रभाव विस्तारित भयो । मध्ययम वर्ग, निम्न मध्ययम वर्ग, युवाहरू, उमेर पुगेका र विद्यार्थीहरू प्रशस्त भर्ना भए । सामन्तवादी पुँजीवादी पार्टीहरू विरुद्ध लडेर नयाँ जनवाद ,समाजवाद ल्याउने छौं भनेर देशमा उत्साहपूर्ण वातावरण बन्यो । त्यसबेला नेपालमा वंशीय सामन्तवादी शासन व्यवस्था प्रवल थियो । २००७ सालको पूँजीवादी उपलब्धी पनि प्रवल शक्तिशाली निरंकुश सामन्ती शाह राजाले छिनेपछि कम्युनिष्ट पार्टी र पुँजीवादी कांग्रेस पार्टीलाई संघर्षमा उत्रिन परेको थियो । कम्युनिष्ट पार्टीहरूमा विभाजन भयो । मार्क्सवादी सिद्धान्त विहीनहरू पार्टी छोडेर गए । १) राजातिर लागे २) कोर कांग्रेसमा भर्ना भए ।३) नामधारी कम्युनिष्टहरू संघर्ष गर्दा सर्वहारा दृष्टिकोण त्यागेर कांग्रेस एजेण्डामा राजनीति गरेका छन् । स्वदेशी ,विदेशी धनसम्पत्तिमा रमाएका छन् । ४) बाँकी देशमा सच्चा इमान्दार मालेमा कम्युनिष्टहरू क्रान्तिको जिम्मेवारी लिएर कार्यक्रम सञ्चालन गर्दैछन् । नयाँ जनवादी क्रान्तिकोलागि जनयुद्ध शुरु गरेकाहरू माथिका कारणले गर्दा एउटा ठूलो भाग पूँजीवादी संसदबाट नै समाजवाद प्राप्त गर्न कम्मर कसेका छन् । जुन संसारमा असफल भैसकेको छ । जनयुद्धमा केही कुतत्वहरू प्रवेश गरेका थिए । जनयुद्ध सकियो । तिनी पनि सकिए । एकजना युद्धमा उपकमाण्डरले भनेका थिए कम्युनिष्ट सिद्धान्त अब बरवाद भयो । यसको आवश्यकता छैन त्यस्ता अवसरवादीहरूलाई किन प्रगतिशील भन्ने ?

अन्त्यमा, यहाँ मालेमा सिद्धान्त अनुसार व्यवहार गएन । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद ,वर्गसंघर्षको सिद्धान्त उचित ढंगले प्रयोग भएन । कतै सिद्धान्तलाई बढी जोड दिइयो । व्यवहार सिमित रह्यो । कतै व्यवहारमा मात्र संगठन जोड गरियो । सिद्धान्तमा पकड भएन ।सर्वहारा वर्गको पार्टी बनाउन ख्याल गरिएन । सिद्धान्ततः पुँजीवादी व्यवहार, छलफलमा नयाँ जनवादी हुने गरेका छन् । यसैले सिद्धान्त र व्यवहारको तालमेल नभै क्रान्ति सम्भव हुँदैन ।

## जेन–जी...

बाँकी छ भन्ने यथार्थलाई नै जेन-जी विद्रोहले निकै राम्रोसँग चित्रण गरेको छ र एकसाथ जेन-जी विद्रोहले धेरै मूल्यवान शिक्षा प्रदान गरेको छ ।

जेन-जी विद्रोह यथास्थितिका विरुद्धको विद्रोह थियो । उनीहरुको प्रमु एजेण्डा थियो- भ्रष्टाचारमुक्त जनमुखी शासन । विगत ३६ वर्षको संसदीय व्यवस्थाको अभ्यासले पटक पटक साबित गरिसकेको छ कि संसदीय व्यवस्थामा गरिने सुधारले मात्रै भ्रष्टाचारमुक्त जनमुखी शासन स्थापित हुन सक्दैन । भ्रष्टाचार नियन्त्रणका लागि यही संसदीय सत्ता, व्यवस्था र संविधानले धैरै नियक कानूनहरु बनाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत थुप्रै संरचनाहरु पनि बनाएको छ । तर एमनेष्टी इन्टरनेश्नल जस्ता संस्थाहरुले बर्षेनी अध्ययन प्रतिवेदन सार्वजनिक गर्छन् र भन्छन्- नेपालको प्रधानमन्त्री नै भ्रष्टाचारको मुख्य संरक्षक । राजनीतिक प्रणाली, ब्यूरोक्रेसी, संवैधानिक निकायहरु, न्यायालयदेखि प्रहरी, सैन्य मुख्यालयसम्म अर्थात् राज्यव्यवस्थाका सबै अंगहरु भ्रष्टाचार र कमिसनले नराम्ररी गाँजिएका छन् । भ्रष्टाचार सिंहदरबारदेखि गाउँ गाउँसम्म महामारीको रुपमा फैलिएको छ । यस्तो अवस्थामा अहिलेकै यथास्थितिलाई कायम राखेर वा पश्चगमनतर्फ फर्किएर नेपालमा जेन-जी पुस्ताले खोजेजस्तो भ्रष्टाचारमुक्त जनुमुखी शासन स्थापित गर्न सम्भव छैन । तसर्थ, यो विद्रोहको स्पष्ट गन्तव्य भनेको अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रभन्दा अग्रगामी तथा क्रान्तिकारी राजनीतिक व्यवस्थाको स्थापना हो । त्यो भनेको संघीय जनगणतन्त्र नै हो ।

जेन-जी पुस्ताभित्र पनि विभिन्न वर्ग र समुदाय छन् । जेन-जी विद्रोहमा बलिदान गर्ने ७६ जना सबै श्रमजीवी वर्ग र समुदायका युवाहरु थिए । सम्भ्रान्त वर्गका युवाहरुले यो विद्रोहमा रगत बगाएका छैनन् । यो वर्गको हित न त राजा महाराजाहरुको शासनले गर्छ, न त अभिजात वर्ग तथा सभ्रान्त धनी पुँजीपतिवर्गको शासनले गर्छ, यो वर्ग र समुदायको हित भनेको यही वर्ग र समुदायलाई शासनसत्ताको मालिक बनाएर मात्र सम्भव छ । ‘गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु’ भनेझै २००७ साल, २०४६ साल, २०६२/०६३ सालको जनआन्दोलन तथा क्रान्तिका उपलब्धिमाथि जसरी बुर्जुवा वर्गले नै कब्जा जमाउन पुग्यो र आन्दोलन वा क्रान्तिमा बलिदान गर्ने वर्गलाई सडकमै छाड्यो, त्यसैगरी अहिलेको जेन-जी विद्रोहका उपलब्धिमाथि पनि त्यही ‘तरमारा’ वर्गले हाइज्याक गरिसकेको छ । जेन-जी विद्रोह स्पष्ट विचार, राजनीतिक लक्ष्य, संगठित शक्तिको अभावमा ‘गने भन्ने हनुमान पगरी गुथ्ने ढेँडु’ साबिन हुन पुगेको छ । यसका विरुद्ध पुनः विद्रोह गर्दै जेन-जी विद्रोहलाई सही गन्तव्य दिन जरुरी छ । त्यो सही गन्तव्य भनेको ‘संघीय जनगणतन्त्र’ नै हो । जेन-जी विद्रोहलाई यस दिशातर्फ दिशाबोध गर्न छरिएर रहेका सबै सच्चा देशभक्त र क्रान्तिकारी शक्ति र व्यक्तिहरुले भूमिका खेल्न जरुरी छ । फेरि पनि जेन-जी विद्रोहलाई दुरुपयोग गरेर प्रतिगामी शासन पुनःस्थापित गर्न खोज्ने वा संसदवादीहरुले यथास्थितिमा रोक्ने गम्भीर षड्यन्त्रहरु प्रत्यक्ष परोक्ष रुपमा भइरहेका छन्, ती सबै षड्यन्त्र र प्रयासलाई निष्काम बनाउँदै जेन-जी विद्रोहलाई अग्रगामी र क्रान्तिकारी दिशातर्फ डोऱ्याउनु नै सच्चा देशभक्त र क्रान्तिकारीहरुको ज्वलन्त ऐतिहासिक दायित्व बन्न गएको छ । विगत दशवर्षको जनयुद्ध मात्रै होइन आमूल परिवर्तनका निम्ति इतिहासका विभिन्न कालखण्डमा भएको आन्दोलन र विद्रोहहरुको निरन्तरता र युग सापेक्ष नयाँ विशेषतासहित देखापरेको यो विद्रोहको सही र वस्तुवादी विश्लेषण तथा मूल्याङ्कन गर्दै यसको स्वामित्व अग्रगामी र क्रान्तिकारी शक्तिहरुले नै लिन जरुरी छ । यहाँ क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको हालै सम्पन्न पीवीको बैठकको दस्तावेजको यो अंश उल्लेख गर्नु सान्दर्भिक हुन्छ- “एउटा सरकार अपदस्थ भई अर्को सरकार बन्ने प्रक्रियामा रहेको र अन्तरिम सरकारले पनि देश र जनताको समस्या समाधान गर्ने हो कि होइन भन्ने प्रश्न सबैतिर उठेको वर्तमान स्थितिमा पार्टीले क्रान्तिको रणनीतिको सेवागर्ने गरी कार्यनीतिक सरकारको नारा दिनु आवश्यक भएको छ । पार्टीले महाधिवेशनमा छलफल गरेको र पछि केन्द्रीय समितिले समृद्धगरी टुङ्ग्याउने भनी थाँति राखेको कार्यनीतिक सरकारको नारलाई छिटै पारित गरी जनसमक्ष लैजानु पर्दछ । महाधिवेशनमा प्रस्तुत उक्त सरकार सम्बन्धी प्रस्ताव निम्नानुसार रहेको छ :

“संकटग्रस्त बन्दै गएको वर्तमान दलाल तथा नोकरशाही एवं सामन्त वर्गीय राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्प तथा अग्रगामी रुपान्तरणका लागि राष्ट्रिय राजनीतिक सम्मेलन, क्रान्तिकारी संयुक्त मोर्चा, स्वाधीन संयुक्त सरकार र जनसंविधानको निर्माण हाम्रो तात्कालिक राजनीतिक कार्यनीति हुनेछ । देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थी शक्तिहरुलाई गोलबन्द गरी राष्ट्रिय राजनीतिक सम्मेलन गरिनेछ । सो सम्मेलनद्वारा निर्मित क्रान्तिकारी संयुक्त मोर्चा मार्फत् गरिने प्रभावकारी जुझारु जनसंघर्ष र प्रतिरोध संघर्षका बीचबाट देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थीहरूको स्वाधीन संयुक्त सरकार गठन गरिने छ । यस सरकारले संघर्षका उपलब्धिहरूको रक्षा सहित राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा आधारित तात्कालिक कार्यक्रमको कार्यान्वयन गनेछ र पुरानो संविधान खारेज गरी दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवाद विरोधी अन्तर्वस्तुमा आधारित जनसंविधानको निर्माणका लागि आधार तयार पार्नेछ । यो समग्र प्रक्रियामा संगठन र संघर्षका गतिविधिमा श्रेष्ठता हासिल गरी नेतृत्व लिनका लागि अथक परिश्रम गर्नु पर्नेछ । यस प्रकारको कार्यनीतिले एकातिर आमजनताका तात्कालिक हक, हित तथा अधिकारको प्राप्ति र अर्कोतिर संघीय जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादमा जानका लागि एउटा भऱ्याङको काम गर्नेछ ।”

# आलोपालो

## नक्कली र सक्कली जेन्जी चिन्न आवश्यक

**लुटपाटमा संलग्नहरूको सामाजिक संजालमा देखिएका भिडियोहरू देख्दा सबै उमेर समूहका मान्छेहरू लुटपाटमा संलग्न भएका देखिएका छन् । लुटपाट के निजी,के सरकारी के उद्योग करकारखाना सबैमा लुटपाट र आगजनी भएको छ**


● मनु वि.क. ●

भाद्र २३ गते नेपालमा जेन्जी आन्दोलनको नाममा भएको शान्तिपूर्ण आन्दोलनमा युवा विद्यार्थीहरूको सहभागिता भयो। युवा विद्यार्थीहरूको आन्दोलनमा साथ र समर्थन पार्टीका नेताहरू,अभियन्ताहरू,देशमा पूर्व कर्मचारीहरूको साथ, सहयोग र समर्थन रहेको भन्ने कुरा आयो। यो आन्दोलन भ्रष्टाचार विरोधी आन्दोलन र सामाजिक संजालहरू बन्दको विरोधमा आयोजना गरिएको भनिएको थियो। एक एनजीओको आयोजनामा भएको भनिएको यो आन्दोलनमा २३ गते १९ जना युवा विद्यार्थीहरूको सरकारको दमन र विद्यार्थीहरूको मृत्युका कारण २४ गते व्यापक जनआक्रोश सिर्जना गर्‍यो ।

सोही असन्तोषको परिणाम २४ गते देशमा आगो बल्यो। देशमा व्यवस्थापिका,कार्यपालिका,न्यायपालिका लगायत सरकारी भौतिक संरचनाहरूमा आगो लगाएर ध्वस्त हुन पुगे। देशको प्रशासनिक केन्द्र सिंहदरबारदेखि लिएर राष्ट्रपति भवन सबै खरानी हुन पुगे। देशमा सुरक्षा दिने सुरक्षा निकायका भवनहरूदेखि लिएर सबै ध्वस्त हुन पुगे। संचार गृह, नेताका घरहरू सबै जल्न पुगे। नेताहरूमाथि पुरै आक्रमण भयो। कारागारबाट अपराधको सजाय काटिरहेकाहरू उम्किन सफल भए। आगो झोसेंपछि सबै सकिनु स्वाभाविक नै हो। नेताहरूका निवासहरू बाँकी रहेनन् । सबै सबैमा आगो लाग्यो ।

आगलागी गराउनु जेन-जी युवाहरूको मात्रै भूमिका थियो ?

जेन-जी आन्दोलनमा घुसपैठ भयो भनेर नेता भनिएकाहरूले भने। आन्दोलनमा घुसपैठ भयो भनियो र आन्दोलनमा क्षतिको कसैले जिम्मेवारी लिएन। किनकि कार्यक्रमको आयोजना गरिएको भनिएको संस्था देखाउनलाई एक एनजिओ भनिएको थियो तर एक एनजिओले यसरी देशभरि वितन्डा मच्चाउन कसरी सक्छ ?

परिवर्तनको कुरा बाहेक एक चोटी सोचेर हेर्ने हो भने एक एनजिओले कसरी यत्रो परिवर्तनको कुरा बोकेर हिंड्न सक्छ ?

के एनजिओहरू यसरी परिवर्तनको कुरा गर्न भनेर खोलिएका हुन्छन् कि सामाजिक सेवाकोलागि भनेर खोलिएका हुन्छन् ? नेपाल सरकारले एनजिओहरू आइएनजीओहरू सामाजिक सेवाकोलागि भनेर खोल्न दिएको हुन्छ। एनजिओहरू दर्ता गर्दा सबैको व्यक्तिगत विवरण राखेर नै खोलिएको हुन्छ। यसरी खोलिएका एनजिओले कसरी स्कूल भरिका विद्यार्थीहरू उतारेर आन्दोलन गर्न सक्छ ?

आन्दोलन मात्र गरिएन। युवा विद्यार्थीहरू मारिएका र घाइते भएका छन्। सामाजिक संजालको प्रयोग गर्दै आयोजना गरिएको यो आन्दोलन विसुद्ध भ्रष्टाचार विरोधी र सामाजिक संजालको सुचारुको माग राखेर *बाँकी ७ पेजमा*


# चाडपर्वप्रति सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एकअर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरूलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# प्यालेस्टाइनले राज्यको मान्यता पाइरहँदा ट्रम्पले अरब नेतासित छलफल गर्दै

काठमाडौं। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार न्यूयोर्कमा अरब देशका नेतासँग गाजाको अवस्थाबारे छलफल गर्ने भएका छन् । यो छलफल इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको ट्रम्पसँगको भेटभन्दा अगाडि हुन लागेको हो। ट्रम्प र नेतान्याहूबीच सेप्टेम्बर २९ मा भेट हुने तय भएको छ। न्यूयोर्कमा संयुक्त राष्ट्र संघको महासभाको बैठकका बीच ट्रम्पले अरब नेताहरूसँग भेटवार्ता गर्न लागेका हुन् ।



यसमा साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, इजिप्ट, जोर्डन, टर्की, इन्डोनेसिया र पाकिस्तानका नेता सहभागी हुनेछन्। ट्रम्प इजरेली नेतेन्याहुँका समर्थक हुन्। जसले गाजामा निर्दोष मुस्लिमहरूको हत्या गरिरहेका छन् ।

बैठक बाहेक डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्र संघको महासभालाई पनि सम्बोधन गर्नेछन्। महासभाको यसअघिको बैठकमा अमेरिकाले प्यालेस्टाइनलाई राज्यको मान्यता दिने प्रस्तावको विपक्षमा मतदान गरेर इजरेललाई मान्छे मार्ने अनुमति दिएको छ। अझ अमेरिकाले भिटो प्रयोग गरेर इजरेलको पक्षपोषण गर्दै आएको छ। इजरेल अमेरिकाले बनाइदिएको देश हो। जहाँबाट उसले सिंगो अरब जगतलाई नियन्त्रण गरिरहेको छ। नेतेन्याहुँ अमेरिकाको हवल्दारको रूपमा काम गर्ने जियोनस्टि शासक हुन् ।

यसैबीच फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले सोमबार संयुक्त राष्ट्र संघको महासभामा प्यालेस्टाइनलाई एक राष्ट्रको रूपमा मान्यता दिएका थिएपछि उनको लोकप्रियता चुलिएको छ ।

यसअघि आइतबार बेलायत, अष्ट्रेलिया, पोर्चुगल र क्यानडाले पनि प्यालेस्टाइनलाई राष्ट्रको मान्यता दिएका थिए। आजको विश्व राजनीति यही मुद्धामा अड्किएको छ। रुसले पनि गाजाको पक्षमा आफ्नो धारणा सार्वजनिक गरिसकेको छ ।

# एकताको पक्षमा उभिन अखिल भारत नेपाली एकता समाजको अनुरोध

भारत। अखिल भारत नेपाली एकता समाजले समाजका सम्पूर्ण नेता कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई एकताको पक्षमा दृडतापूर्वक उभिन अनुरोध गरेको छ। समाजका अध्यक्ष आनन्द थापाले २०२५ सेप्टेम्बर २८ तारिखका दिन एक वक्तव्य जारी गर्दै सो अनुरोध गर्नुभएको हो। वक्तव्यको पूर्ण पाठ यसप्रकार छ -

"अखिल भारत नेपाली एकता समाज केन्द्रीय समितिको सचिवालय बैठक दिनाङ्क २७ सेप्टेम्बर २०२५ का दिन बस्यो र बैठकले गरेका कतिपय निर्णयहरूलाई सार्वजनिक गर्नुपरेको हुँदा यो वक्तव्य जारी गरिएको छ।


AKHIL BHARAT NEPALI EKTA SAMAJ
प्रेस वक्तव्य
28 सेप्टेम्बर 2025

अखिल भारत नेपाली एकता समाज आफ्नो स्थापनाकालदेखि भारतस्थित नेपालीहरूको बीचमा शोषण,दमन, अन्याय, अत्याचारको विरुद्ध न्याय, समानताको पक्षमा निरन्तर संघर्ष गर्दै आएको संगठन हो। यस संगठनको सकारात्मक कदमको विरुद्ध अत्तालिएर विभिन्न प्रकारका देशी,विदेशी शक्ति ,अवसरवादी सङ्घ संगठन र व्यक्तिहरू हाम्रो संगठन माथि चौथर्फीरूपमा आक्रमणका साथै टुटफुट र विभाजन गर्ने गराउने असफल प्रयत्न पनि गर्दै आइरहेको इतिहास छ। उक्त प्रकारका जालझेल, षड्यन्त्रको विरुद्ध एकता प्रेमी दाजुभाइ तथा दिदीबहिनी, संगठनका नेता तथा कार्यकर्ता दृढतापूर्वक संघर्ष गर्दै अखिल भारत नेपाली एकता समाजको गौरवपूर्ण इतिहासलाई बचाउने काम भइरहेको छ। अहिले देश भित्रको जेन जी आन्दोलनपछि देश क्षेतविक्षेत अवस्थाबाट गुज्रिरहेको छ। वैदेशिक हस्तक्षेप बढ्दो छ। देशका हजारौं कैदीबन्दीहरू फरार भएका छन् । अराजकता मौलाएको छ। महंगीले जनताको जीवनस्तर कष्टकर बन्दै गएको छ। यसको प्रभाव देश बाहिर रहेका नेपाली जनतामा पनि नपरिरहने कुरा भएन। यस्तो कहाली लाग्दो अवस्थामा सबै आग्रह पूर्वाग्रह छाडेर राष्ट्रियताको पक्षमा राष्ट्रवादी र देशभक्त नेपाली जनता एकजुट हुनुपर्ने समय आएको छ ।

तर यस्तो विषम अवस्थामा केही अवसरवादी एवं पदलोलुप एकता विरोधी व्यक्तिहरूले हाम्रो संगठनलाई आक्रमण गरी धमिलो पानीमा माछा मार्ने प्रयत्न गर्दैछन् । यसको शिकार ईन्द्र भेटाल जी हुनु भएको छ। आफ्ना असहमति र अन्तरविरोधहरूलाई हामीले अपनाउँदै आएको संगठन परिचालन गर्ने जनवादी केन्द्रीयताको विधि र पद्धतिको विरुद्ध सार्वजनिक सामाजिक सञ्जालमार्फत पोष्ट गर्दै आउनु भएको छ। यो एकता विरोधी , संगठन विरोधी र पद्धति विरोधी भएकाले उहाँ आजको मितिदेखि हाम्रो संगठनको साधारण सदस्य र सबै जिम्मेवारीबाट हटाइएको यो वक्तव्यबाट सार्वजनिक गर्दछौं। सम्पूर्ण अखिल भारत नेपाली एकता समाजका नेता तथा कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई एकताको पक्षमा दृढतापूर्वक उभिन अनुरोध गर्दै कुनै पनि प्रकारको भ्रममा नपर्न अनुरोध गरिन्छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।